का.जि.प्र.का.द.नं. १००/०५९/६०

२१ फागुन २०८१,
बुधबार
5 March, 2025
Wednesday


मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ३१ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com



# काकाकुल त्रिवि शिक्षण अस्पताल

## पानी आपूर्तिको छैन भरपर्दो स्रोत



"जारको पानी किनेर जसोतसो काम भइरहे पनि बिरामीको उपचारमा कुनै समस्या आउन दिएका छैनौं

■ डा. सुवास आचार्य
निर्देशक
त्रिवि शिक्षण अस्पताल

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २० फागुन ।

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा पानी आपूर्ति ठप्प भएको छ ।

अस्पताल जस्तो संवेदनशील ठाउँमा पानी आपूर्ति ठप्प हुँदा सबै सेवा प्रभावित भएका छन् । अस्पतालमा पानी आपूर्ति नहुँदा कर्मचारी, डाक्टर, नर्स तथा बिरामी प्रत्यक्ष प्रभावित भएका हुन् ।

अस्पतालमा काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयूकेएल)को महाराजगन्ज शाखाले पानी आपूर्ति गर्दै आएको छ । केयूकेएलले घरघरमा आधा इन्चको पाइपमार्फत पानी आपूर्ति गर्दै आए पनि अस्पताललाई भने ४ इन्चसम्मको पाइपबाट पानी दिँदै आएको छ ।

अस्पतालसँग रहेका २ वटा बोरिङ बिग्रिएका छन् । बोरिङले पानी तान्न छाडेपछि पानीको अभाव सृजना भएको हो । खानेपानीको पाइपबाट पनि अस्पतालमा नियमित पानी आपूर्ति भएको छैन ।

अस्पतालमा पानीको चरम अभाव भएकाले सरसफाइ र उपचार सेवा प्रभावित भएको अस्पतालकी प्रशासक सरस्वती गुरुङले बताइन् । उनका अनुसार अस्पताल परिसरको बोरिङले पानी तानेको छैन र खानेपानीको पाइपबाट पनि नियमित आपूर्ति भएको छैन ।

### छैन दिगो व्यवस्थापन

तत्कालका लागि टयांकर या अन्य स्रोतबाट पानीको आपूर्ति गरेर काम चलाइए पनि पानीको अभावको दिगो व्यवस्थापन अस्पतालसँग छैन । गत वर्ष पनि बोरिङमा समस्या आएपछि धारामा धमिलो पानी आएको थियो । पानीको अभाव भएपछि गत वर्षदेखि ४ इन्चको पाइप जडान गरी पानी आपूर्ति सुरु भएको थियो । अस्पताल सुरुमा ३०० शयचाको हुँदा १ इन्चको पाइपबाट मात्र पानी आपूर्ति हुन्थ्यो ।

बर्सेनि अन्तरंग र बहिरंग विभागमा बिरामीको चाप बढ्दै गएपछि बिरामी, चिकित्सक, कर्मचारी र कुरुवासहित दैनिक १३ हजार जनाले अस्पतालको पानी प्रयोग गर्छन् । अस्पतालको बहिरंग विभागमा दैनिक २ हजार २०० जना र तिनका साथीसहित ४ हजार ४०० जना आउँछन् भने अन्तरंग विभागमा १ हजार जना र तिनका कुरुवा तथा भेट्न आउने मानिस र अस्पतालमा विद्यार्थी, चिकित्सक र नर्ससहित ५ हजार जना दैनिक आउँछन् । यस हिसाबले दैनिक पानी प्रयोग गर्नेको संख्या करिब १३ हजार रहेको अस्पताल व्यवस्थानले जानकारी दिएको छ ।

कर्मचारीहरूका अनुसार अस्पतालमा पानीका लागि भरपर्दो स्रोत नै छैन। »» पृष्ठ २ मा

### यस कारण भयो समस्या

शिक्षण अस्पतालले २ वटा बोरिङबाट पानीको आपूर्ति गर्दै आएको छ । नपुग पानी केयूकेएलले आपूर्ति गर्छ । तर, २ वटै बोरिङ एकै पटक बिग्रिएपछि सोमबारदेखि पानीको संकट भएको हो । २ वटा बोरिङमध्ये एउटा एक साता पहिला नै बिग्रेको थियो भने अर्को सोमबारदेखि बिग्रेको हो ।

अस्पतालमा आपूर्ति हुने कुल पानीमध्ये ७५ प्रतिशत बोरिङबाट र २५ प्रतिशत केयूकेएलमार्फत आपूर्ति हुन्छ । अस्पतालमा दैनिक ८ लाख लिटर पानी खपत हुन्छ ।

केयूकेएलको पानी पनि टयांकी लिक भएर कम आपूर्ति भएपछि अस्पतालमा पानीको ठूलो संकट परेको अस्पतालका सूचना अधिकारी कालीप्रसाद रोस्यराले बताए ।

बोरिङ बिग्रिएपछि अस्पतालको बहिरंग विभाग, शौचालयका साथै अन्य विभागहरूमा पानीको आपूर्ति बन्द भएको छ । अतिआवश्यक सेवा दिइने विभागहरूमा भने पानीको आपूर्ति नियमित राखिएकाले व्यवस्थापन जसोतसो भएको सूचना अधिकारी रोस्याराले बताए । बिग्रेका दुवै बोरिङ »» पृष्ठ २ मा

**ब्युँतियो ललिता निवास प्रकरण**

# अख्तियार र विशेष अदालतबीच द्वन्द्व

ललिता निवासको सरकारी जग्गा व्यक्तिका नाममा लिएको प्रकरणमा विशेष अदालतले गरेको फैसलामा चित्त नबुझेपछि सर्वोच्च पुगेको अख्तियारले जनाएको छ





**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २० फागुन ।

प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारस्थित सार्वजनिक जग्गा घोटालासम्बन्धी भ्रष्टाचार गरेको चर्चित काण्ड 'ललिता निवास प्रकरण' ब्युँतिएको छ । विशेष अदालतबाट भ्रष्टाचार गर्नेहरूका पक्षमा भएको फैसलाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोग पुनरावेदन लिएर सर्वोच्च अदालत पुगेसँगै सो प्रकरण ब्युँतिएको हो ।

यसले अख्तियार र विशेष अदालतबीचको दुरी बढाउन थप बल पुऱ्याएको छ । अख्तियारले पठाएका अधिकांश मुद्दाहरू विशेष अदालतबाट सफाइ पाएको विषयमा कतिपयले अदालतमाथि प्रश्न गरेका छन् भने केहीले अख्तियारको बलमिच्याइँका रूपमा समेत लिएका छन् ।

पूर्वमन्त्रीहरू विजयकुमार गच्छदार, डम्बर श्रेष्ठ र चन्द्रदेव जोशीसहित ११० जना आरोपितका विषयमा विशेषले गरेको निर्णयका विरुद्ध अख्तियार पुनरावेदन लिएर सर्वोच्च अदालत पुगेको हो । अख्तियारले अरू ६५ जना जग्गाधनीहरूको जग्गा जफत हुनुपर्ने माग राखेर पुनरावेदन दर्ता गरेको जनाएको छ ।

ललिता निवासको सरकारी जग्गा व्यक्तिका नाममा लिएको प्रकरणमा विशेष अदालतले गरेको फैसलामा चित्त नबुझेपछि सर्वोच्च पुगेको अख्तियारले जनाएको छ ।

मुलुकको भ्रष्टाचार न्यूनीकरणको मुख्य जिम्मेवारी रहेको अख्तियारले पेस गरेका अधिकांश मुद्दामा विशेषले जिताउने गरेपछि »» पृष्ठ २ मा

# भूमि अध्यादेशबाट सरकार 'ब्याक'

## कांग्रेस र एमालेले लगाए ह्वीप

**निर्णयार्थ पेस हुने अध्यादेशहरू**

- सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१
- निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१
- आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१
- सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २० फागुन ।

आफैंले ल्याएको भूमिसम्बन्धी अध्यादेशबाट सरकार पछि हट्ने भएको छ । भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश रोकेर सरकारले बाँकी ५ अध्यादेश निर्णयार्थ पेस गर्ने भएको हो । बुधबार बस्ने प्रतिनिधिसभाको बैठकमा ५ वटा अध्यादेश पेस गरिने छ ।

२ माघमा राष्ट्रपति रामचन्द्र पौडेलले जारी गरेको भूमिसम्बन्धी अध्यादेश भने तत्काल अघि नबढाइने नेपाली कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरेले जानकारी दिए । भूमिबाहेक ५ वटा अध्यादेश दुवै सदनमा पेस गर्ने सहमति भएको सचेतक घिमिरेले जानकारी दिए ।

त्यस अगाडि २४ पुसमा सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश जारी भएको थियो । त्यसपछि २९ पुसमा थप ४ वटा अध्यादेश जारी भएका थिए ।

प्रतिनिधिसभा बैठक बुधबार दिउँसो १ बजे बस्दै छ । भूमिसम्बन्धी अध्यादेशमा देखिएको बिमतिका कारण »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# संघको साधारणसभा र निर्वाचन २९ चैतमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० फागुन ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले आगामी २९ चैत शुक्रबारका लागि निर्वाचनसहितको साधारणसभाको मिति तोकेको छ । संघ कार्यसमितिको मंगलबार बसेको बैठकले निर्वाचनसहितको साधारणसभाको मिति तोकेको हो ।

संघले भवन खरिद, संख्या सय समस्या समाधान, सेवा शुल्क परिमार्जनसहित विभिन्न समस्या वर्तमान कार्यसमितिले टुंगोमा पुऱ्याउन सहज हुने कारणहरू देखाउँदै गत २ फागुनान तय भएको कार्यसमितिको निर्वाचनसहितको साधारणसभा १७ असारका लागि सारेको थियो ।

संघका सचिव कर्णराज कटुवालले भवन खरिदको ऐतिहासिक काम सकिएको र विभिन्न घटक तथा वैदेशिक रोजगार व्यवसायीबाट कार्यसमिति निर्वाचन छिटो हुनुपर्ने माग निरन्तर आएकाले पूर्वनिर्धारित मितिभन्दा साढे २ महिनाअघि नै कार्यसमितिको निर्वाचनसहितको साधारणसभाको मिति तोकिएको जानकारी दिए ।

२ फागुनको साधारणसभा सार्ने संघको निर्णयअघि संघका पूर्वअध्यक्ष विमलप्रसाद ढकाल, संघका पूर्व प्रथम उपाध्यक्ष तथा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका पूर्वअध्यक्ष प्रज्ञान न्यौपाने, एसोसिएसनका पूर्वकार्यकाहक अध्यक्ष तथा संघ पूर्वमहासचिव सुजितकुमार श्रेष्ठले संघमा लिखित निवेदन दर्ता गराउँदै मिति परिवर्तनको माग गरेका थिए । त्यसपछि संघ कार्यसमितिले निर्वाचन सार्ने निर्णय गरी जिल्ला प्रशासन कार्यालय काठमाडौंलाई जानकारी गराएको थियो ।

निर्वाचन सार्ने संघको निर्णयलगत्तै तत्काल संघको साधारणसभा र निर्वाचन हुनुपर्ने माग गर्दै नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनसहित वैदेशिक रोजगार क्षेत्रका ८ संस्थाले काठमाडौंका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीको ध्यानाकर्षण गराएका छन् । एसोसिएसनसहित नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च, एकीकृत वैदेशिक रोजगार व्यवसायी संस्था नेपाल, नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समिति, नेपाल वैदेशिक रोजगार तमुधी समाज, नेपाल वैदेशिक रोजगार तामाङ समाज, तराई वैदेशिक रोजगार व्यवसायी समाज, नेपाल वैदेशिक रोजगार व्यवसायी मगर समाज विरोधमा उत्रिएका थिए ।

एसोसिएसनका अध्यक्ष दीपक थापाले आमव्यवसायीको दबाब र खबरदारीको परिणामस्वरूप संघ निर्वाचनको मिति तोक्न बाध्य भएको भन्दै कुनै पनि शर्तमा २९ चैतमा साधारणसभा र निर्वाचन गरिनुपर्ने टिप्पणी गरे ।

यसअघि सम्पूर्ण तयारी पूरा भएको अवस्थामा निर्वाचनको मिति सारेर संघ नेतृत्वले छलकपट र बद्नामीको भारी बोकेको भन्दै उनले संघलाई विश्वसनीय संस्थाको हैसियतमा स्थापित गर्न तोकिएको समयमा निर्वाचनका लागि खबरदारी जारी राखिने बताए । »» पृष्ठ २ मा

### अक्सफोर्डमार्फत म्याक डोनाल्डका लागि आकर्षक रोजगारी

**काठमाडौं/मस–** कतारका म्याकडोनाल्ड रेस्टुरेन्टहरू संचालन गरिरहेको अल माना रेस्टुरेन्ट एन्ड फुड कम्पनीले नेपालबाट फ्री भिसा, फ्री टिकटमा कामदार लैजाने क्रम जारी राखेको छ ।

वैदेशिक रोजगार क्षेत्रको अग्रणी संस्था अक्सफोर्ड इन्टरनेसनल प्रा. लि.ले इम्प्लोइमेन्ट पे मोडल अर्थात् फ्री भिसा, फ्री टिकटमा मंगलबार १९ जना महिला कामदार उक्त कम्पनीमा पठाएको छ ।

कम्पनीका संचालक माधव जीसीले म्याक डोनाल्ड रेस्टुरेन्ट र म्याक क्याफेअन्तर्गत चेन रेस्टुरेन्टहरूमा दैनिक ८ घन्टा काम गर्ने उनीहरूले मासिक तलब १ हजार २०० र खानाका लागि ३०० गरी १ हजार ५०० कतारी रियालसहित आवास, यातायात र न्यूनतम स्वास्थ्य सुविधा पाउने बताए ।

'कडा अनुशासनमा बसेर काम गर्नुपर्छ, सुविधा पनि राम्रो छ', उनले भने । संचालक जीसीले कतारमा म्याक »» पृष्ठ २ मा

**FREE VISA FREE TICKET युएईमा रोजगार**

कम्पनी : SIBCA ELECTRONIC EQUIPMENT COMPANY शहर : UAE
पूर्व स्वीकृत मिति: २०८१/११/२० चलानी नं.: ६०२३३५६३ LT. No.:319507

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pipe Fitter | 150 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५६९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Fire Alarm Technician | 50 | 0 | | 1800 | ६८३८२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत ५, ६ र ७ गते (18, 19 & 20 March 2025) मा हुनेछ ।

यसै कम्पनीका लागि SENIOR FIRE FIGHTER TECHNICIAN, HELPER, ELECTRICIAN को पनि आवश्यकता परेको हुनाले इच्छुक ब्यक्तिले नि:शुल्क परामर्शको लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SGMC
SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.
Gov. Lic No. 1219/074/075
Sinamangal-9, Kathmandu | Tel: 01-4573705 | 01-4594457
Email: info@shermanconsultants.com/ hr@shermanconsultants.com
Contact No: 9851235143, 9803636760, 9841136727, 9869120271, 9844064089, 9840974007, 9841468330

**FREE VISA ! FREE TICKET सहित UAE मा Nurse हरुलाई रोजगार**

Company : Mahara Healthcare LLC
पुर्व स्वीकृती मिति: २०८१/११/१५ चलानी नं.: ६०२३३६९२ LT No.: 319510

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Female Nurse Assistant | 0 | 7 | काममा दक्ष | 3500 | १,३३,०००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | Registered Nurse | 0 | 7 | | 5000 | १,९०,०००।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैंले | रु. १,५००।- कामदार आफैंले | रु. ७,००।- कामदार आफैंले | नि:शुल्क |

अन्तरवार्ता २०८१ फागनु २७ गते (11 March, 2025) यस प्रा. लि. को कार्यालय सिनामंगल, काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Destiny H.R. Group Pvt. Ltd.
श्रम ईजाजत न. १५५२/०७९/८०
Sinamangal-9, Kathmandu, Tel. 01-5913085, 5914085, 9851019427, 9851164801

यस प्रा. लि. को लागि खाना, बस्ने सुविधा सहित Light Driving License भएका Security Guard को आवश्यकता भएको हुनाले तुरुन्त सम्पर्क गर्नुहोला ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२१ फागुन २०८१ बुधबार
5 March 2025, Wednesday

# पर्यटकमैत्री व्यवहार गर्न कर्मचारीलाई गृहमन्त्रीको आग्रह

**भैरहवा/मस–** रुपन्देहीको बेलहियामा अध्यागमन कार्यालय आफ्नै सुविधायुक्त भवनमा सञ्चालनमा आएको छ । मंगलबार एक कार्यक्रकाबीच गृहमन्त्री रमेश लेखकले उक्त भवनको समुद्घाटन गरेका हुन् । भवनको उद्घाटन कार्यक्रममा बोल्दै गृहमन्त्री लेखकले नाकामा बनेका पूर्वाधारहरुले रुपन्देहीको बेलहिया नाकालाई मुलुककै ठूलो नाकाका रुपमा स्थापित गरेको बताए ।

मुलुकका सीमा क्षेत्रमा १३ वटा अध्यागमन कार्यालय रहेको र ती कार्यालयले पर्यटकलाई सहज बनाएको जनाउँदै उनले सेवाप्रवाह चुस्त हुनुपर्नेमा जोड दिए ।

गृहमन्त्री लेखकले अध्यागमन कार्यालयमा कार्यरत कर्मचारीहरुले पर्यटक र आमसेवाग्राहीलाई नम्र, सरल र मिठासपूर्ण व्यवहार गर्नुपर्ने बताएका बताए । उनले कर्मचारीहरुको व्यवहारले मुलुकको अवस्था बताउने भन्दै सचेत भएर राम्रो सौहार्दपूर्ण तरिकाले सेवा दिन आग्रह गरे ।



उनले कार्यालयहरुमा हुने व्यवहारबाट जनताले सुख पाए २० जनालाई राम्रो भन्ने तर एकजनाले पनि दुःख पाए त्यसले धेरैलाई नराम्रो प्रभाव पार्नसक्ने जनाए ।

'त्यसैले पर्यटनको बिकास गर्न पनि सबैलाई राम्रो र असल व्यवहार गर्न जरुरी छ', गृहमन्त्री लेखकले भने । उनले नेपालीहरु संसारकै सबैभन्दा राम्रो संस्कृतिमा हुर्किएका मान्छे भएको जनाउँदै अध्यागमनमा जस्तो व्यहार हुन्छ, नेपालबारे पर्यटकले त्यही बुझ्ने बताए ।

गृहमन्त्री लेखकले वर्तमान सरकार बनेको आठ महिना हुन लागेको र सरकारले समृद्धिलाई पछ्याइरहेको जनाए । सरकारले संविधानको रक्षा गर्दै मुलुकमा दिगो शान्ति, विकास र समृद्धिलाई प्राथमिकतामा राखेर काम गरिरहेको मन्त्री लेखकको भनाइ छ ।

पछिल्लो समय मुलुकको अर्थतन्त्रमा राम्रा संकेतहरु देखा परेको उनको दावी छ । उनले सरकारका कामको निजी क्षेत्रबाट प्रशंसा भएको समेत जनाए ।

कार्यक्रममा सिद्धार्थनगर नगरपालिकाका मेयर इश्तियाक अहमद खाँले लुम्बिनीको प्रवेशद्वार भएकाले यहाँको सौन्दर्यकरणमा लागिपरेको बताए। सीमा क्षेत्रको सडक लामो समय नबन्दा धुलोले स्थानीय र पर्यटकलाई हैरानी भएको उनको भनाइ छ। उनले गौतमबुद्ध विमानस्थल पूर्णक्षमतामा चल्दा र लुम्बिनीको विकास हुँदा यसले पुरै देशको विकासमा प्रभाव पार्नसक्ने बताए ।

भ्याटसहित १० करोड २५ लाख लागतमा कार्यालय भवन निर्माण गरिएको हो । भगवती गौरीशंकर जेवीले निर्माण गरेको उक्त भवन बेसमेन्टसहित ६ तल्लाको छ । अपांगमैत्री र भूकम्प प्रतिरोधी रहेको यो कार्यालय भवनमा अग्नी नियन्त्रण उपकरण जडित छ । यहाँबाट विदेशी नागरिकलाई आगमन, प्रगामन, पर्यटक भिसा जारी र नविकरण गर्ने, एनआरएन भिसा जारी र नविकरण लगायतका काम हुँदै आएका छन् ।

## छैन...

पहिलाको तुलनामा पानीको स्रोतले अपुग हुँदै गएपछि बोरिङ बर्सेनि मर्मत गर्नुपरेको छ ।

'सुरुमा ५० फिट गहिराइमा रहेको बोरिङबाट पानी आउन छाडेपछि हरेक वर्ष गहिराइ बढी खन्दै गए पनि पर्याप्त पानी आउन सकेको छैन', सूचना अधिकारी रोस्याराले भने । बोरिङको गहिराइ ५०, ६५ हुँदै अहिले २४५ फिट भइसकेको छ तैपनि पानी आउन छाडेको छ ।

यो स्थितिले अस्पताललाई दैनिक आवश्यक पर्ने पानीको आपूर्ति अस्पतालभित्रको जमिनको स्रोतबाट सम्भव नदेखिएको उनले बताए ।

अस्पताल सार्वजनिक सेवाको ठाउँ भएकाले अस्पताल एक्लैले ठूलो परियोजनाका साथ पानीको स्रोत निर्माण गर्न नसक्ने भएकाले अस्पतालमा पानीको दिगो समाधान चाहिएको रोस्याराले बताए ।

केयूकेएलका प्रवक्ता प्रकाशकुमार राईले अस्पतालले थप क्षमताको पानी माग गरेमा प्रक्रियाअनुसार ठूलो पाइपबाट पानी आपूर्ति गर्न तयार रहेको बताए । 'यसका लागि अस्पतालले माग गर्नुपर्छ र केयूकेएलले पानीको एनालाइसिस गरेर आपूर्ति गर्न सक्छ', उनले भने ।

### जारको पानीले काम चलाइँदै

अस्पतालका निर्देशक डा. सुवास आचार्यका अनुसार अहिले जारको पानी किनेर जसोतसो काम भइरहेको छ। पानीको अभावमा बिरामीको उपचारमा कुनै समस्या नपरेको उनले दाबी गरे। 'जारको पानी किनेर अप्रेसन थिएटर र नर्मल स्लाइन लगेर सर्जरी गरिरहेका छौं', डा. आचार्यले भने, 'टचांकरमा पानी ल्याएर पनि व्यवस्थापन गरिहेका छौं ।'

डा. आचार्यका अनुसार केयूकेएलले सोमबार राति ८ बजेदेखि ११ बजेसम्म मात्र पानी दिएको छ । 'राति २ बजेम्म पानी दिएको भए अस्पतालको टचांकी भरिन्थियो', डा. आचार्यले भने । केयूकेएलको बदमासीले समस्या भएको उनको दाबी छ ।

केयूकेएलका एक कर्मचारीका अनुसार अस्पतालमा पानी आपूर्ति ठप्पै भएको जानकारी आएको छैन ।

## यसकारण...

मंगलबारसम्म मर्मत भएको छैन । पानीको संकट टार्न मंगलबार १० वटा टचांकरबाट पानी आपूर्ति गरी काम चलाइएको छ । बुधबार पनि बोरिङ मर्मत नभए पानीको संकट टड्कारो हुने कर्मचारीहरू बताउँछन् ।

## अख्तियार...

२ निकायबीच द्वन्द्व निम्तिएको टिप्पणी हुन थालेको छ । 'वर्षभर लगाएर अनुसन्धान गरेका मुद्दाका आरोपीलाई अदालतले छाडिदिने परम्पराले भ्रष्टाचार न्यूनीकरणमा सहयोग पुग्दैन', अख्तियार दुरुपयोग अनुसन्धान आयोगका एक आयुक्तले भने, 'हामीले प्रमाण जुटाई अदालतमा पेस गरेका मुद्दामा कानुनी छिद्र खोजेर सफाइ दिने अवस्था आएपछि विशेष अदालत विरुद्ध नै अख्तियार पुनरावेदनमा जान बाध्य भएको छ ।'

यसअघि पशुपतिनाथको जलहरी प्रकरणमा समेत अख्तियारले सुन जोखेर नै नपुगेको अवस्थामा विशेष अदालतमा मुद्दा दायर गरेको थियो । तर, विशेष अदालतले त्यसलाई गम्भीरतापूर्वक नलिँदा अख्तियारले नै कमजोरी गरेको हो कि भन्ने अवस्था आएको उनको भनाइ छ ।

विशेष अदालतका एक अधिकारीले भने अख्तियारले दायर गरेका कतिपय मुद्दाहरूमा रिसिइवी साध्यने खालका समेत देखिएको बताए । 'अख्यितारले ल्याएका सबै मुद्दामा अदालतले सदर गर्नुपर्छ भन्ने छैन', उनले मध्यान्हसँग भने, 'कतिपय मुद्दाहरूमा अख्तियारले निष्पक्ष न्याय दिने ढंगले भन्दा पनि व्यक्तिवादी ढंगले ल्याउने गरेको पाइएको छ । अदालतले न्याय दिन्छ भन्ने नागरिकको भरोसा अझै कायम छ । त्यो विश्वासलाई मार्नेगरी र कसैलाई अन्याय हुनेगरी अदालतले निर्णय गर्दैन/गर्नुहुँदैन ।'

ललिता निवास क्याम्पभित्रको सरकारी सार्वजनिक जग्गा गैरकानुनी रूपमा व्यक्ति तथा संस्था विशेषको नाममा कायम गरी भ्रष्टाचार गरेको उनीहरूमाथि आरोप छ । सो मुद्दामा विशेष अदालतबाट दोषी ठहर भएकाहरूलाई बढी सजाय हुनुपर्ने र सफाइ पाएकाहरूलाई दोषी ठहर गर्नुपर्ने माग दाबी लिएर मंगलबार सर्वोच्चमा पुनरावेदन दर्ता गराएको अख्तियारले जनाएको छ ।

२२ माघ २०७६ मा ललिता निवास जग्गा घोटाला प्रकरणमा पूर्वमन्त्री, पूर्वसचिवसहित ११० जनाविरुद्ध बिगो, कैद र जरिमाना तथा ६५ जनालाई जग्गा जफत प्रयोजनमा प्रतिवादी बनाई मुद्दा दायर गरेको थियो। सो मुद्दामा विशेषले २०८० फागुनमा फैसला गर्दै केहीलाई सफाइ तथा केहीलाई आंशिक सफाइ दिएको थियो, जसमा उल्लेखित ३ पूर्वमन्त्रीसहित १२ जनासमेत रहेका थिए ।

गच्छदार र डम्बर श्रेष्ठको हकमा मन्त्रिपरिषद्को २९ चैत २०६६, ३१ वैशाख २०६७ र २४ साउन २०६७ को निर्णयको हस्ताक्षरकर्ता प्रतिवादीसमेत रहेकाले मन्त्रिपरिषद्को सामूहिक निर्णयका मूल निर्णयकर्तालाई प्रतिवादी नबनाइएको सोही सामूहिक निर्णयको अक्षुण्णताको संरक्षण यी प्रतिवादीलाई समेत जाने भएकाले बदनियत पुष्टि हुन नसकेको भन्दै विशेष अदालतले सफाइ दिएको थियो ।

यस्तै, पूर्वमन्त्री जोशीले तत्कालीन भूमिसुधार तथा व्यवस्था मन्त्रीको हैसियतले नेपाल सरकार मन्त्रिपरिषद्मा पेस गर्न सोही प्रस्तावलाई स्वीकृत जनाएको देखिएको हुँदा बदनियत तत्त्वको अभाव देखिएको विशेषले बताएको थियो ।

यसैगरी अख्तियारले भाटभटेनीका संचालक मीनबहादुर गुरुङ र शोभाकान्त ढकाललाई पनि प्रतिवादी बनाइएको छ । पूर्वसचिव दिनेशहरि अधिकारीलाई पनि अख्तियारले प्रतिवादी बनाएको छ ।

विशेषले ललिता निवासका प्रतिवादीहरूमध्ये केहीलाई पूरा र केहीलाई आंशिक सफाइ दिएपछि अख्तियारले ललिता निवास क्याम्पभित्रको जग्गा निजी नाममा ल्याएर फाइदा लिएको र सरकारलाई हानि नोक्सानी गरेको पुष्टि हुँदा पनि प्रतिवादीलाई मागदाबीबमोजिम सजाय गर्नुपर्नेमा सफाइ दिनेगरी भएको फैसला त्रुटिपूर्ण रहेको दाबी अख्तियारको छ ।

अख्तियार र विशेष अदालतबीच बेलाबखत हुने यस्तो द्वन्द्वले मुलुकको भ्रष्टाचारमा घटनालाई न्यूनीकरण गर्न नसक्ने विज्ञहरूले बताएका छन् । विशेष अदालतका फैसलामा चित्त नबुझाएर अख्तियारले सर्वोच्च अदालतमा पुनरावेदन गर्न थालेको विषयमा टिप्पणीहरू भइरहे पनि पूर्वमहान्यायाधिवक्ता मुक्ति प्रधानले यसलाई अदालतको नियमित प्रक्रिया भनेका छन् ।

'अदालतको निर्णय चित्त नबुझे पुनरावेदन जाने अदालतको नियमित कानुनी प्रक्रिया हो', प्रधानले भने, 'नेपालको अदालत संघीय ढाँचामा छैन, एकात्मक छ । त्यसैले, कोही व्यक्तिले जिल्ला अदालतमा मुद्दा हार्दा उच्च र सर्वोच्चसम्म जान सक्ने कानुनी व्यवस्था छ । ललिता निवास काण्डमा अख्तियार पुनरावेदन गएको विषयलाई पनि त्यही रुपमा हेर्न सकिन्छ ।'

अख्तियारले विभिन्न मुद्दामा पर्याप्त प्रमाण र आधार पेस गर्न नसकेको भन्दै विशेष अदालतले अभियुक्तलाई सफाइ दिँदा बेलाबखत अघोषित द्वन्द्व हुने गरेको टिप्पणीहरू भएका छन् । कतिपय अभियोजनपत्रमा असमानता रहेको भन्दै विशेष अदालतले विगतमा पटक-पटक अख्तियारको ध्यानाकर्षण गराएका नजिरहरू पनि छन् । यद्यपि, अख्तियारले भने प्रतिवादीलाई सफाइ दिने नियतका साथ विशेषबाट हतारमा फैसला हुने गरेको भन्दै आलोचना गर्दै आएको छ ।

## भूमि...

२४ माघ र ६ फागुनमा निर्णयार्थ प्रस्तुत गर्नका लागि गरेको तयारी अन्तिममा रोकिएको थियो ।

जसपा नेपाल र लोसपा नेपाल भूमिसम्बन्धी अध्यादेशबाहेक अरू अध्यादेश अगाडि बढाउन सहमत भएपछि ५ वटा अध्यादेश बुधबार संसदको दुवै सदनमा पेश गर्ने तयारी गरिएको घिमिरेले बताए । उनले भूमिसम्बन्धी अध्यादेश कसरी अगाडि बढाउने भन्ने विकल्पमा छलफल हुन बाँकी रहेको पनि बताए ।

सरकारले सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन अध्यादेश, निजीकरण पहिलो संशोधन अध्यादेश, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश संसद्मा पेस गर्न लागेको हो ।

जसपा नेपालको अडानका कारण १८ माघमा संसद्मा पेस भएका अध्यादेशहरू स्वीकृत हुन सकेका थिएनन् । भूमि अध्यादेश फिर्ता नभई बाँकी अध्यादेशमा समेत समर्थन नगर्ने जसपा नेपालको चेतावनीपछि सरकार पछि हटेको हो ।

जसपाले आइतबारदेखि जारी केन्द्रीय कमिटी बैठकमा भूमिसम्बन्धी अध्यादेश कुनै पनि हालतमा नस्वीकार्ने निर्णय गरेको थियो। लोसपाले पनि यस अध्यादेशमा समर्थन नजनाउने संकेत गरेपछि सरकारलाई पछि हट्नुपर्ने अवस्था आएको हो ।

प्रतिनिधिसभामा सहज बहुमत भएको सत्ता गठबन्धनको राष्ट्रियसभामा जसपा नेपाल र लोसपा नेपालले भूमिसम्बन्धी अध्यादेशबाट हात झिकेकाले बहुमत पुग्दैन, जसका कारण सरकारले दुवै सदनमा अध्यादेश निर्णयार्थ पेस गर्न सकेको छैन ।

नेताहरूका अनुसार भूमि अध्यादेश फिर्ता लिएर प्रतिस्थापन विधेयकको रूपमा पेस गर्ने सहमति भएको छ ।

भूमिसम्बन्धी अध्यादेशमा विशेषगरी भूमिहीन तथा सुकुम्वासीलाई जग्गा वितरण गर्ने विषय समेटिएको थियो । तर, यसले विभिन्न राजनीतिक दलहरूबीच मतभेद सिर्जना गरेपछि सरकारले तत्कालका लागि यसलाई रोक्ने निर्णय गरेको हो। अब सरकारले यस विषयमा थप छलफल गरी आवश्यक सहमति जुटाएपछि मात्र यो अध्यादेशलाई अघि बढाउने संकेत दिएको छ ।

प्रतिपक्षी दलहरूले संसद् छलेर सरकारले अध्यादेश ल्याएको भन्दै प्रश्न उठाइरहेका थिए। यी सबै अध्यादेश संसद् अधिवेशन सुरु भएको ६० दिनभित्र पारित गर्नुपर्ने कानुनी व्यवस्था छ। अध्यादेश संसद्बाट पारित गर्ने ६० दिन १७ चैतमा पुग्छ ।

यसैबीच सत्तारूढ दल कांग्रेस र एमालेले आफ्ना दलका सांसदलाई बुधबारको प्रतिनिधिसभा बैठकमा सहभागी हुन ह्वीप जारी गरेका छन् ।

कांग्रेसलेब बुधबार बस्ने संसद् बैठकमा अनिवार्य उपस्थित हुन सांसदहरूलाई निर्देशन जारी गरेको छ ।

'फागुन २१ गते १ बजे बस्ने संसद्को बैठकमा अध्यादेशहरू स्वीकृतिका लाागि प्रस्तुत हुने हुँदा बैठकमा अनिवार्य उपस्थित भई अन्तिमसम्म रहन यो ह्वीप जारी गरिन्छ', सांसदहरूलाई पठाइएको सन्देशमा उल्लेख छ ।

एमालेकी सचेतक सुनिता बरालले सांसदहरूलाई ह्वीप लगाइएको जानकारी दिइन् । अध्यादेशलाई निर्णयार्थ पेस गर्ने भएकाले सांसदहरूलाई अनिवार्य उपस्थित हुन निर्देश गरिएको उनको भनाइ छ ।

## संघको...

सचिव कटुवालले संघले सबै पक्षको माग सम्बोधन गर्दै २९ चैतका लागि निर्वाचनको मिति तोकेको र उक्त मितिमा साधारणसभा र निर्वाचन हुने बताए ।

संघले निर्वाचनका लागि यसअघि संयोजक तोकिएका प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका पूर्वअध्यक्ष टंकबहादुर राउतलाई नै निर्वाचन समितिको संयोजक तोक्ने निर्णय पनि गरेको छ। कानुनी सल्लाहकार सदस्य सचिव रहने निर्वाचन समितिमा १ जना सदस्य पछि तोकिनेगरी निर्णय भएको पनि सचिव कटुवालले मध्यान्ह दैनिकलाई जानकारी दिए ।

## अक्सफोर्डमार्फत...

डोनाल्ड रेस्टुरेन्टहरू सत प्रतिशत स्थानीय स्वामित्वमा संचालनमा रहेका र उनीहरूले उच्च गुणस्तरको सेवा दिने भएकाले कामदार छनोटमा बिचौलिया वा एजेन्टको प्रवेश वा कुनै सम्झौता नगरिएको बताए ।

अक्सफोर्डले कतारको म्याक डोनाल्ड कम्पनीका लागि फ्री भिसा, फ्री टिकटसहित शून्य लागतमा कामदारको डिमान्डको विज्ञापन गरेको थियो। उक्त विज्ञापन देखेपछि त्यसलाई पछ्याउँदै मूलतः युवतीहरू कम्पनी कार्यालय आइपुगेका थिए ।

रोजगारीमा कतार गएका ती युवतीहरूलाई अन्तर्वार्ता र छनोटका क्रममा काठमाडौंसम्म आउँदा-जाँदा, होटलमा बस्दा, स्वास्थ्य परीक्षण गर्दाको सबै खर्च कतारको कम्पनीले बेहोरेको छ ।

म्याक डोनाल्डका लागि कतार जान लागेका केही युवतीहरूले यसअघि वैदेशिक रोजगारीका लागि विभिन्न देशमा जाँदा एजेन्टलाई ठूलै रकम बुझाएका थिए । तर, अक्सफोर्डमार्फत जाँदा १ रुपैयाँसमेत तिर्नु नपरेको, काठमाडौंसम्म आउँदा-जाँदा, राहदानी बनाउँदा, होटलमा खाँदा-बस्दा, स्वास्थ्य परीक्षण गर्दाको खर्च कम्पनीले तिरदिएपछि ठूलो राहत मिलेको उनीहरूले बताए ।

संचालक जीसीले कामदार छनोटका सबै चरणमा कतारस्थित कम्पनी प्रतिनिधि सहभागी भएकाले छनोट पूर्ण रूपमा निष्पक्ष र पारदर्शी रहेको दाबी गरे । रोजगारीका लागि कतार पठाउनुअघि कम्पनीले प्रि डिपार्चर ओरिएन्टेसन प्रदान गर्दै अनुशासनको दायरामा रहेर इमान्दारीपूर्वक काम गर्न आग्रह गरेको छ ।

फ्री भिसा, फ्री टिकटको डिमान्डमा ३ महिनाको परीक्षणकाल हुने र उक्त अवधिमा कम्पनीको मापदण्डअनुसार काम नगरेमा करार रद्द हुने भएकाले सरसफाइ, समयको पालना, सरसामानको हिफाजतसहित सबै पक्षमा सचेत हुन जरुरत रहेको विषयमा सबैलाई पूर्ण रूपमा जानकारी गराएको पनि संचालक जीसीले मध्यान्ह दैनिकलाई जानकारी दिए ।

# रिंकु सदाको न्यायका लागि प्रदर्शन

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २० फागुन



सिरहाको नवराजपुर गाउँपालिका-१ भगवतीपुरकी १७ वर्षीय किशोरी रिंकु सदाको न्यायका लागि रौतहटको सदरमुकाम गौरमा दबाब प्रदर्शन गरिएको छ । अपहरण र सामूहिक बलात्कारमा परेको घटना मिलाउन गाउँमै भएको पञ्चायतीपछि रिंकु आफ्नै घरमा गत माघ ३० गते साँझ शंकास्पद झुन्डिएको अवस्थामा फेला परेकी थिइन् । रिंकुको न्याय र दोषीमाथि कारबाहीको माग गर्दै दलित संघर्ष समिति रौतहटद्वारा सदरमुकाम गौरमा प्रदर्शन गरेको हो । घटनाको बारेमा जानकारी पाउनु लगत्तै सिरहा लगायत देशैभरीका दलित अधिकारकर्मीहरुले रिंकुको सम्झनामा मैनवत्ती पनि बाल्नुको साथै घटनामा संलग्न र पञ्चायती गर्नेहरूलाई कानुनी कारबाहीको दायरामा ल्याउनुपर्ने माग राख्दै पटक-पटक दबाब मुलक प्रदर्शन गर्दै आइरहेको छ।

राज्यको गैरजिम्मेवार रबैयाका कारण मधेशमा दलितहरु माथि अन्याय,अत्याचार,जातीय भेदभाव तथा बलात्कार जस्ता जघन्य अपराधहरु बढ्दै गइरहेको र उक्त घटनाहरुलाई गाउँमै मिलाउन पञ्चायती गर्ने प्रवृत्ति अझै अन्त्य हुन नसकेको दलित संघर्ष समिति रौतहटका अध्यक्ष सोनेलाल राम बताउँछन् ।

देशमा ऐन र कानुन हुँदा पनि राज्य र राज्यका संयन्त्र त्यसको कार्यान्वयन मा कहिल्यै पनि गम्भीर नभएको कारण नै यस्ता जघन्य अपराधहरुलाई पञ्चायतीको माध्यमले सुल्झाउने कुप्रथा अझै जीवित रहेको उनले बताए ।

उक्त प्रदर्शन गौरको घण्टाघरदेखि सुरु भइ जिल्ला प्रहरी कार्यालय तथा जिल्ला प्रशासन कार्यालय हुँदै गौर बैरगनिया भन्सारसम्म पुगेर पुनः बीपी चोकमा आइ कोणसभामा परिवर्तन भएको थियो ।

प्रदर्शनको अध्यक्षता दलित संघर्ष समिति रौतहटका अध्यक्ष सोनेलाल रामले गरेका थिए भने प्रमुख अतिथिमा दलित विकास समिति मधेश प्रदेश सदस्य राजकुमार दास तत्मा, विशिष्ट अथितिमा दलित अगुवा मटुक पासवान,दलित अधिकारकर्मी पुनित राम, मुसहर संघका जिल्ला अध्यक्ष बिनोद माझि रहेका थिए ।

सदा गत माघ २७ गते राति शौच गर्न घरबाहिर निस्किँदा स्थानीय तीन युवकबाट सामूहिक बलात्कारमा परेकी थिइन् ।

# लैंगिक समानता र यौन दुर्व्यवहार रोक्न शिक्षकलाई प्रशिक्षण

**काठमाडौं/मस–** भास्कर-तेजश्री स्मृति प्रतिष्ठानले नसर्ने रोग, लैंगिक समानता र यौन दुर्व्यवहार रोकथाम सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम प्रदान गरेको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँगको साझेदारीमा भएको सो तालिममा सातै प्रदेशबाट तीन-तीन जना प्रशिक्षक तथा रोस्टर प्रशिक्षक सहभागी छन् ।



शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक कृष्णप्रसाद काप्रीले उपचार गरेर केही बिरामीलाई निको पार्न सकिए पनि रोग लाग्नै नदिन सचेतना र सशक्तीकरणको आवश्यकता औंल्याए ।

भाष्कर-तेजश्री स्मृति प्रतिष्ठानका संस्थापक अध्यक्ष प्रा.डा.रिता थापाले भोलिको नेतृत्व नवयुवानै भएकाले त्यो समुहलाई स्वस्थ राख्न आवश्यक रहेको बताइन्। समतामूलक एवं दुर्व्यवहारमुक्त समाज निर्माणमा योगदान गर्ने फाउण्डेसनको मुल उद्देश्य रहेको भन्दै उनले समाजमा दुर्व्यवहार गर्ने ८९ प्रतिशत आफैंले चिनेका व्यक्ति हुने हुँदा नवयुवाको सशक्तीकरणले रोकथाममा सहयोग पुग्ने थापाको भनाइ छ ।

स्वास्थ्य मन्त्रालयका निमित्त सचिव डा.संगीता मिश्रले स्वास्थ्य र शिक्षाको सम्बन्ध अत्यन्त पारस्परिक हुने भएको हुँदा शिक्षाको माध्यमबाट नै नसर्ने रोग र लैंगिक असमानता तथा यौन दुर्व्यवहार रोकथाम सम्बन्धी सचेतन गराउने गरी गरिएको तालिम महत्वपूर्ण भएको बताइन् । चिकित्सा शास्त्र अध्ययन संस्थानका पूर्वडिनप्रा.डा. जगदीशप्रसाद अग्रवालले ७४ प्रतिशत मानिसहरु नसर्ने रोगका कारण मृत्यु भएको बताए । नसर्ने रोगबाट बच्ने उपाय भनेको खानपान र जीवनशैली नै भएको उनको भनाइ छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रका उपमहानिर्देशक चन्द्रकान्त भुसालले भाष्कर-तेजश्री स्मृति प्रतिष्ठानसँग शिक्षा तथा मानव स्रोत विकास केन्द्रले यो कार्यक्रम विद्यालय लेवलबाट अभिभावकसमक्ष पुऱ्याउन सकिन्छ भनेर नै एमओयु गरिएको बताए । विश्व स्वास्थ्य संगठन नेपालका प्रमुख डा.संभाजी राव पाण्डवले नसर्ने रोगबाट बच्ने र बचाउने उपाय जागरण एवं सशक्तीकरण भएको बताए । शिक्षा तथा मानव स्रोत विकास केन्द्रका उपमहानिर्देशक महेन्द्र पराजुलीले भाष्कर-तेजश्री स्मृति प्रतिष्ठानले गर्न खोजेको कामको गम्भीरतालाई बुझेर नै प्रतिष्ठानसँग केन्द्रले सहकार्य गरेको बताए ।


## कुवेतमा रोजगार

कम्पनी: Gulf Civilization General Trading And Contracting Co. — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/११/२० — चलानी नं.: ६०२३३९६० — L.T. No.: 319837

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 15 | 24 | स. काममा दक्ष | 125 | ५६,४७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २८ गते (12 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Samridhha Human Resources Pvt. Ltd.** Gov. Lic No. 1045/073/074
Hattigaunda-08, Buddhanilkantha, Kathmandu, Tel: 01-4371370, 4371369, 9813033715
9851315449 | 9827549952, Email: info@samriddhahr.com, Web.: www.samriddhahr.com

## UAE मा रोजगार

कम्पनी : We One — शहर : UAE
पूर्व स्वीकृत मिति: २०८१/११/२० — चलानी नं.: ६०२३३९६५ — LT. No.: 319683

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaners | 100 | 0 | सम्बन्धित काममा दक्ष | 800 | ३०,३९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Helpers | 100 | 0 | | 800 | ३०,३९२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ फागुन २८ गते (12 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि.**
श्रम ईजाजत न.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताल्चिखेल -१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बिकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

## ओमनमा रोजगार

कम्पनी: AL MARASI BEAUTY SPC — शहर: Oman
पूर्व स्वीकृत मिति: २०८१/११/२० — चलानी नं.: ६०२३३९६७ — LT. No.: 319818

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Stylist -Female | 0 | 1 | सम्बन्धित काममा दक्ष | 170 | ६१,५९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | MANICURIST | 0 | 1 | | 170 | ६१,५९९ | | | | | | | |

कम्पनी: Title Of Beauty — शहर: Oman
पूर्व स्वीकृत मिति: २०८१/११/१९ — चलानी नं.: ६०२३३९६८ — LT. No.: 319754

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Stylist -Female | 0 | 1 | सम्बन्धित काममा दक्ष | 170 | ६१,५९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | MAKER UP | 0 | 1 | | 170 | ६१,५९९ | | | | | | | |

कम्पनी: Durat-koun Al-masiya Ent — शहर: Oman
पूर्व स्वीकृत मिति: २०८१/११/१९ — चलानी नं.: ६०२३३९६९ — LT. No.: 319753

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | MAKER UP | 0 | 1 | स. काममा दक्ष | 170 | ६१,५९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: Fajr Al-Humbar Modern Center S P C — शहर: Oman
पूर्व स्वीकृत मिति: २०८१/११/१९ — चलानी नं.: ६०२३३९७० — LT. No.: 319749

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | BEAUTICIAN GENERAL | 0 | 2 | स. काममा दक्ष | 170 | ६१,५९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २८ गते (12 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Sky Of The World Manpower Pvt. Ltd.**
श्रम ई. पत्र नं.: १०३९/०७३/०७४
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 01-4591316, Mob.: 9860049528, 9808840910, 9860924657
E-mail : skymanpower1039@gmail.com, info@skymanpower.com, Web.www.skymanpower.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



### जसपाको निष्कर्ष : सरकार असफल

# भूमिसम्बन्धी अध्यादेश फिर्ता लिन माग

**काठमाडौं/मस**–जनता समाजवादी पार्टी (जसपा) नेपालले वर्तमान सरकारलाई दिएको समर्थन कायमै राख्ने निर्णय गरेको छ।

३ दिनसम्म ललितपुरमा बसेको केन्द्रीय समिति बैठकले केपी शर्मा ओली नेतृत्वको सरकारलाई दिएको समर्थन कायमै राख्ने निर्णय गरेको हो।




बैठकले भ्रष्टाचारको अन्त्य, सुशासन कायम, विकास र संविधान संशोधनका लागि वर्तमान सरकार असक्षम रहेको निष्कर्ष निकालेको छ। प्रवक्ता मनिष सुमनले सरकारलाई दिएको समर्थन फिर्ता लिनेबारेमा कुनै निर्णय नभएको बताए। अहिले पनि सरकारलाई समर्थन कायमै रहेको जानकारी उनले दिए। सरकारले जारी गरेका ६ अध्यादेशको प्रक्रियाप्रति बैठकले असहमति जनाएको छ। बैठकले भूमिसम्बन्धी अध्यादेश फिर्ता लिन सरकारसँग माग गर्ने निर्णय गरेको पनि प्रवक्ता सुमनले बताए। तर अन्य ५ वटा अध्यादेशलाई समर्थन जनाउने निर्णय बैठकले गरेको छ।

बैठकले सबै स्थानीय तह र भातृ संस्थाको अधिवेशन वैशाख मसान्तभित्र सम्पन्न गर्ने निर्णय गरेको छ। सबै अधिवेशन सम्पन्न भइसकेपछि हुलाकी राजमार्ग, मध्यपहाडी लोकमार्ग र हिमाली राजमार्गमा सय दिने जनतासँग भेटघाट अभियान चलाउने निर्णय बैठकले गरेको छ।

# परराष्ट्रको काम रेस्क्यु गर्ने जस्तो मात्र भयो : मन्त्री राणा

**भैरहवा/मस**– परराष्ट्रमन्त्री आरजु राणा देउवाले परराष्ट्र मन्त्रालयको धेरैजसो काम विदेशमा रहेका नेपाली नागरिकको उद्धार (रेस्क्यु) गर्ने जस्तो मात्र भएको बताएकी छन्। नेपाली कांग्रेस केन्द्रीय प्रशिक्षण प्रतिष्ठानले रुपन्देहीको भैरहवामा मंगलबार आयोजित बोल्दै उनले भनिन्, 'अहिले विदेशमा नेपालीहरू यतिधेरै समस्यामा परिरहेका छन् कि परराष्ट्र मन्त्रालयको काम त यसो हेर्दा उनीहरूको उद्धार गर्नेजस्तो मात्र भएको छ।' मन्त्री राणाले सीमित स्रोत, साधन र जनशक्तिका कारण संसारमा रहेका नेपालीको उद्धारको काम कठिन भएको पनि बताइन्।




अहिले विभिन्न ४० देशमा मात्र नेपाली राजदूताबास रहेका तर नेपाली भने एक सयभन्दा बढी देशमा पुगेका बताउँदै मन्त्री राणाले नेपालीहरू कहाँ र कसरी पुगेका छन् भन्ने बारेको सूचना मन्त्रालयलाई थाहा नहुने र कसैलाई समस्या परेर उद्धार गर्नुपर्ने अवस्थामा मात्र थाहा हुने गरेको बताइन्।

बंगलादेशको उदाहरण दिँदै उनले भनिन्, 'जस्तो कि बंगलादेशमा मेडिकल पढ्न गएका विद्यार्थीलाई समस्या परेपछि मात्र त्यहाँ कति विद्यार्थी छन् भन्ने कुरा थाहा भयो। तर मिडियामा भने उनीहरूलाई १/२ दिनमै नेपाल ल्याइहाल्नु पर्‍यो भन्ने जस्तो गरेर समाचार आउँछ। त्यसबेला पनि ढाकाको दूतावासमा रहेको सीमित जनशक्तिले समन्वय गर्‍यो। यस्तै अवस्था अन्यत्र पनि छन्, तर हामी जसोतसो काम गरिरहेकै छौं।'

मध्यपूर्वी देशहरूमा घरेलु कामदारका रूपमा जान महिलालाई नेपालले प्रतिबन्ध लगाएको भए पनि अवैधानिक बाटोबाटै महिलाहरू ती देशमा पुगिरहेको पाइएको भन्दै उनले समस्यामा परेका बेला उद्धारका लागि अप्ठेरो पर्न सक्ने बताइन्।

त्यसैले परराष्ट्र मन्त्रालयले संसारका नेपाली डायस्पोरालाई कन्सुलर सेवा उपलब्ध गराउन तथा परम्परागत कूटनीतिभन्दा माथि उठेर नेपालको परराष्ट्र सम्बन्धलाई थप विस्तारित गर्न ओएनएम गरेर थप दरबन्दी सिर्जना गरेको र यसबाट आगामी दिनमा केही सहज हुने उनले बताइन्।

# श्रममन्त्री भण्डारीसँग जापानी राजदूतको शिष्टाचार भेट



**काठमाडौं/मस**– श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीसँग नेपालका लागि जापानी राजदूत माएदा तोरुले शिष्टाचार भेट गरेका छन्। मंगलबार मन्त्रालयमा भएको भेटमा नेपाल र जापानबीच भएको आपसी समझदारी एवं श्रम सम्झौताको कार्यान्वयनका विविध पक्षमा छलफल भएको मन्त्रालयका प्रवक्ता डण्डुराज पाण्डेले जानकारी दिए।

उनका अनुसार नेपालबाट जापान पुगी कार्यरत रहेका नेपाली कामदारहरुको सेवा, सुविधा र सुरक्षालगायतका विषयमा मन्त्री भण्डारीले चासो राखेका थिए। यसैगरी जापान सरकारको मागबमोजिम पठाइने दक्ष सीपयुक्त कामदारको सन्दर्भमा दुवै पक्षबीच छलफल गरी यथाशीघ्र निष्कर्षमा पुर्‍याउनुपर्ने विषयमा समेत दुवै पक्षबीच छलफल भएको थियो।

भेटका क्रममा नेपालका लागि जापानी राजदूत तोरुले नेपाली दक्ष कामदार जापान पठाउने विषय, कामदारका सेवा, सुविधा र सुरक्षाका विषयमा आफू सकारात्मक रहेको बताए। नेपाली कामदारका लागि जापान सुरक्षित र आकर्षक गन्तव्य रहेको साथै आगामी दिनमा नेपाली कामदार जापान पठाउने सन्दर्भमा दुवै पक्षले समझदारीका आधारमा सहकार्यलाई निरन्तरता दिने विषयमा समेत छलफल भएको थियो।

# टोखामा मेयर दीर्घायु कार्यक्रम शुभारम्भ

**सुशान्त न्यौपाने/मध्यान्ह**
काठमाडौं, २० फागुन

काठमाडौं टोखा नगरपालिकाले यस वर्षको मेयर दीर्घायू कार्यक्रम मंगलबारबाट पुनः सञ्चालन गरेको छ। टोखाले २०७८ सालदेखि सुरु गरेको मेयर दीर्घायू कार्यक्रम मंगलबार चार वर्ष पुरा भएको छ। अहिलेसम्म यो ३ वर्षमा ६ हजार ५ सय नागरिकले निःशुल्क स्वास्थ्य परीक्षण लिइसकेका छन्।



केयर दीर्घायू कार्यक्रम अन्तर्गत विशेषज्ञ डाक्टरद्वारा स्वास्थ्य परीक्षण, विशेषज्ञ डाक्टरद्वारा भिडियो एक्सरे सेवा, महिलाहरुको भिआइए परीक्षण सेवा, थाइराइड परीक्षण सेवा, प्रयोगशाला सेवा, पुरुषहरुको लागि प्रोस्टेट गन्थीको क्यान्सर सम्बन्धी परीक्षण र परामर्श तथा रेफरल सेवा रहेका छन्। औपचारिक कार्यक्रममा टोखा नगरपालिकाले वडा नं. ११ स्थित आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट नगरभरिका ५० वर्षभन्दा माथिका लक्षित वर्गलाई मात्र सो सेवा प्रदान गरिने नगर प्रमुख प्रकाश अधिकारीले बताए।

अधिकारीका अनुसार पहिलो वर्ष ७० वर्ष माथिका, दोस्रो वर्ष ६५ र तेस्रो वर्ष ६० वर्ष माथिकाको स्वास्थ्य परीक्षण सम्पन्न गरिसकेको हुँदा यस वर्ष ५० वर्ष माथिका लक्षित वर्गलाई लगाइन्छ। आगामी वर्षहरुबाट ५० वर्ष माथिका सम्पूर्ण नागरिकको स्वास्थ्य जाँच निःशुल्क गर्ने लक्ष्य लिएका लिइएको छ।

टोखा नगरपालिकाले सुत्केरी भएका महिलाहरुका लागि पोषण भत्ता नगद २ हजार रुपैयाँ वितरण गर्दै आएको छ। यसै वर्षदेखि टोखाका स्थानीय कोही मृत्यु भएमा ५ हजार किरिया खर्च नगरपालिकाले दिने तयारी पुरा भएको नगर प्रमुख अधिकारीले बताए।

कार्यक्रममा बोल्दै प्रमुख प्रशासकिय अधिकृत शेरबहादुर बिसीले टोखाको आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट प्रदान गरिने सेवा कुनै नीजि अस्पतालभन्दा कुनै कमी नभएको हुँदा नगरबासीले ढुक्क भएर सेवा लिन अनुरोध गरे।

कार्यक्रमबारे बोल्दै स्वास्थ्य शाखा प्रमुख रनलाल कुलालले यस मेयर दीर्घायू कार्यक्रमबाट सर्ने र नसर्ने रोगबारे जाँच गर्ने अवसरको रुपमा लिन सकिने बताए। कुलालका अनुसार गतवर्ष चण्डेश्वरी प्रदेश अस्पताल र टोखा ११ मा गरी २ स्थानबाट प्रदान गर्दै आएको सेवा यस वर्ष टोखा ११ बाट मात्र हुने भएको छ।

बागमती प्रदेशले स्वीकृति नदिएका कारण एक ठाउँबाट गर्न परेको नगरपालिकाले जनाएको छ। सबै सेवा एकै ठाउँबाट भएपनि फिजिसिएन र अल्ट्रासाउण्ड सेवाका लागि अर्को ठाउँमा सम्झौता गरेर काम सुरु गरेको छ। यस वर्ष १ हजार ५ सय जनाको निःशुल्क स्वास्थ्य परीक्षण गरिनेछ। त्यसमा हरेक वडाबाट १ सय ३० जनाको दरले सहभागीता जनाउनेछन्। वडा नं. ३ का लागि १ सय ५० जनाले सहभागिता हुन पाउनेछन्। कार्यक्रममा बोल्दै जेष्ठ नागरिक बलराम खतिवडाले टोखा नगर प्रमुख प्रकाश अधिकारी र वडाअध्यक्ष घनश्याम श्रेष्ठको मुक्तकण्ठले प्रशंसा गरे।

# बार निर्वाचनको मतदाता नामावलीमा विवाद



**काठमाडौं/मस**– नेपाल बार एशोसिएशनको केन्द्रीय कार्यसमिति निर्वाचन मतदाताको नामावलीमा विवाद भएको छ। निर्वाचन मतदाता नामावलीमा उजुरी परेपछि नेपाली कांग्रेसनिकट डेमोक्रेटिक लयर्स एसोसिएसन (डीएलए) ले नेपाल बारको निर्वाचन समिति कार्यालय घेराउ गरेको छ।

उच्च अदालत बार एसोसिएसनले काठमाडौं अदालत बारका ७११ जना मतदाताको नाम हटाउनुपर्ने भन्दै उजुरी गरेपछि मंगलबार डीएलएले नेपाल बारको निर्वाचन समिति कार्यालय घेराउ गरेको हो।

निर्वाचनका लागि ११ हजार ७ सय ७२ जनाको प्रारम्भिक नामावली सार्वजनिक भएको थियो। उक्त नामावलीमा सोमबारसम्म दाबी-विरोधको समय तोकिएको थियो।

उच्चले काठमाडौं जिल्ला बारले बार काउन्सिलको नवीकरण नगरेको भन्दै उजुरी गरेपछि जिल्ला बार काठमाडौंले पनि नीतिगत रूपमा सबैको छानबिन गर्न माग गर्दै उजुरी गरेको थियो।

डीएलएका अध्यक्ष सुशील राज पौडेलले बार काउन्सिल अद्यावधिक गरे/नगरेका सबैको भिडाउनुपर्नेमा निर्वाचन समितिले एकपक्षीय रूपमा काठमाडौं बारको मात्रै छानबिन गर्न लागेकोले विरोधमा उत्रिएको बताए।

उनले नेपाल बारको केन्द्रीय समितिले अनुमोदन गरेर निर्वाचन समितिलाई दिइसकेको मतदाता नामावली निर्वाचन समितिले एकतर्फी रूपमा काठमाडौं जिल्ला बारको हकमा मात्रै हटाउने तयारी गरेको आरोप समेत लगाए। उनले नेपाल बारको विधानको धारा २५ अनुसार मतदाता नामावली कायम गर्नुपर्ने आन्दोलनरत पक्षको माग छ।

अध्यक्ष पौडेलले भने, '१५ फागुनमा प्रकाशित नेपाल बारको मतदाता नामावलीमा केन्द्रीय कार्यसमितिबाट अनुमोदन भई निर्वाचन समितिलाई मतदाता नामावली दिइसके पश्चात केही साथीहरूले मतदाता नामावलीमा उजुरी गरेको कारणले गर्दा सम्पूर्ण मतदाता नामावलीहरूको हकमा छानबिन गरी मतदाता नामावली प्रकाशित गर्नुपर्नेमा सो नगरी नेपाल बारको केन्द्रीय समितिले अनुमोदन गरेर निर्वाचन समितिलाई दिइसकेको मतदाता नामावली निर्वाचन समितिले एकतर्फी रूपमा काठमाडौं जिल्ला बारको हकमा मात्रै हटाउने तयारी गरेको हुँदा सोको विरुद्ध हामी एकताबद्ध भएर विरोधमा उत्रिएका छौं।'

निर्वाचन समितिले एकतर्फी रूपमा गरेको निर्णय बदर गर्नुपर्ने समेत डीएलएको माग रहेको छ।

# गाउँ-गाउँमा सार्वजनिक सुनुवाइ गर्दै भूमे गाउँपालिका



**रुकुमपूर्व/मस**– रुकुमपूर्वको भूमे गाउँपालिकाले स्थानीय जनताको गुनासो माग र आवश्यकताहरू सम्बोधन गर्न गाउँ-गाउँमा सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गरिरहेको छ।

यसै कार्यक्रम अन्तर्गत मंगलबार गाउँपालिकाले वडास्थित धर्मशालामा सार्वजनिक सुनुवाइ गरेको छ। गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठ, उपाध्यक्ष सविना बुढामगर, वडाध्यक्ष संगम रोकामगर, प्रमुख प्रशासकीय अधिकृत देवीलाल वि.क, पालिकाको विभिन्न शाखागत प्रमुखहरु वडामा पुगेर नागरिकहरूसँग प्रत्यक्ष संवाद गर्न टोल-टोलमा गाउँपालिका टिम पुगेका हुन्।


भूमे गाउँपालिकाले चालू आर्थिक वर्ष २०८१/०८२को दोस्रो चौमासिक सार्वजनिक सुनुवाइ गरिएको हो। स्थानीय नागरिकले शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार लगायतका समस्याहरू उठाएका थिए। स्थानीयको गुनासो अनुसार गाउँपालिकाका विभिन्न क्षेत्रमा अझै पनि उचित शिक्षा र स्वास्थ्य सेवा उपलब्ध छैन। सरकारी विद्यालयहरूमा शिक्षक अभाव, पठनपाठनको गुणस्तर कमजोर रहेको गुनासो सहभागीहरूले प्रश्न उठाएका हुन्।

त्यस्तै गाउँपालिकाका धेरै ठाउँमा मोटर बाटो नपुगेको स्थानहरुमा गोरेटो बाटो जीर्ण भएको र नियमित मर्मत नहुँदा आवत-जावतमा समस्या परेको स्थानीय कुमार ओलीले कार्यक्रममा गुनासो राखे। भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले नागरिकले उठाएका प्रश्नको जवाफ दिँदै स्थानीयको आवश्यकता र समस्याप्रति गाउँपालिका सक्रिय रुपमा लागि परेको बताए। आवश्यक भौतिक संरचना सुधार गर्न गुणस्तरीय शिक्षा प्रवाहमा अहोरात्र खटिएको अध्यक्ष श्रेष्ठले बताए। नागरिकका गुनासा र सुझावलाई नीतिगत तहमा समावेश गर्दै गाउँपालिकाको कामलाई अझ पारदर्शी र प्रभावकारी बनाउँदै लगिएको उनले बताए।

यस्तै गाउँपालिकाका उपाध्यक्ष सविना बुढामगरले गाउँपालिका दोस्रो अभिभावक भएको हैसियतले नागरिकको समस्यालाई समाधान गर्न आवश्यक पहल गर्ने बताइन्। प्रमुख प्रशासकीय अधिकृत देवीलाल विकले गाउँपालिकाले नागरिकमैत्री, प्रभावकारी र पारदर्शी सेवा प्रदान गर्न निरन्तर प्रयास गरिरहेको बताए।

# 'चिकित्सक नेतृत्व' विमोचित

**काठमाडौं/मस**– नेपाल चिकित्सक संघको स्थापनाकालदेखि हालसम्म भएका ३२ अध्यक्षको विषयमा लेखिएको पुस्तक 'चिकित्सक नेतृत्व' विमोचन गरिएको छ। नेपाल चिकित्सक संघ स्थापना भएको ७५ वर्ष पुगेको अवसरमा मंगलबार काठमाडौंमा आयोजित कार्यक्रममा राष्ट्रपति रामचन्द्र पौडेलले पुस्तकको विमोचन गरेका हुन्।




पुस्तकमा संघका ३२ जना अध्यक्षको जीवनी, संघमा उनीहरूले गरेका योगदान, संघर्ष लगायतका विषय समावेश छन्।

पुस्तक विमोचनपछि राष्ट्रपति पौडेलले दक्ष र विज्ञ चिकित्सकहरु नेपालमै उत्पादन हुनु र नेपालमै स्तरीय स्वास्थ्य उपचारको थालनी हुनु सुखद् पक्ष रहेको बताए। उनले स्तरीय आफूले पनि स्तरीय उपचार सेवाको अनुभव गरेको जानकारी दिए।

चिकित्सक संघका अध्यक्ष डा.अनिलविक्रम कार्कीले नेपालको स्वास्थ्य क्षेत्रमा योगदान गर्ने चिकित्सकहरूको सम्मान र स्मरण दुवै हुने भन्दै संघले यो पुस्तक प्रकाशनको निर्णय गरेको बताए। पुस्तकको सम्पादन पत्रकार प्रवीण ढकालले गरेका हुन्। पुस्तकबाट संघको इतिहाससँगै नेपालको चिकित्सा इतिहासको संरक्षण हुने सम्पादक ढकालले बताए। २००७ साल फागुन २० गते स्थापना भएको नेपाल चिकित्सक संघ नै नेपालको पहिलो पेशागत संघ हो। संघको पहिलो अध्यक्ष डा. सिद्धिमणि आचार्य दीक्षित हुन्।

# ६ सय परिवारलाई विद्युतीय चुलो वितरण



**सुर्खेत/मस**– सुर्खेतको गुर्भाकोट नगरपालिकाले ६ सय घर-परिवारलाई विद्युतीय चुलो वितरण गरेको छ। नगरपालिकाले प्रदूषणरहित भान्सा र धुवाँरहित घरको विकास गर्ने उद्देश्यले विद्युतीय चुलो वितरण गरेको हो। नगरप्रमुख हस्त पुनले दाउरा र ग्यासको खपत कम गर्न विद्युतीय चुलो वितरण गरिएको बताए।

'दाउरा र ग्यासको खपत घटाएर जलवायु परिवर्तनको असर न्यूनीकरण गर्दै वातावरण संरक्षण गर्ने उद्देश्यले एसएनभी र इन्डेभको सहयोगमा विद्युतीय चुलो वितरण गरिएको हो,' उनले भने।

पालिकाका १४ वटा वडाबाट ७ सय चुलो माग भएपनि ६ सय वटा मात्रै वितरण गरिएको छ। बाँकी १ सय चुलो चाँडै वितरण गरिने नगरप्रमुख पुनले बताए।

एउटा विद्युतीय चुलोको ५ हजार ३ सय रुपैयाँ पर्ने भएपनि उपभोक्तालाई २ हजार १५० रुपैयाँमा वितरण गरिएको छ।

**साइप्रसमा रोजगारको अवसर**

कम्पनी: GRP Jobmarket Ltd — शहर: Cyprus
पूर्व स्वीकृत मिति: २०८१/११/२० — चलानी नं.: ६०२३३९६६ — LT. No.: 319716

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EUR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bartender | 3 | 0 | सम्बन्धित काममा दक्ष | 800 | ११७,७३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Chamber Maids | 3 | 3 | | 700 | १०३,०१९ | | | | | | | |
| 3. | Cook | 5 | 0 | | 900 | १३२,४५३ | | | | | | | |
| 4. | Waiters | 3 | 3 | | 700 | १०३,०१९ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाण्डौमा मिति २०८१ फागुन २८ गते (12 March 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Gov. Lic. No.: 1743/081/082
**Aagaman Human Resources Pvt. Ltd.**
Tokha-7, Basundhara Chauki, Kathmandu Contact .: 01-4971720, 9851180720 | Email: aagamanhr2024@gmail.com

**सूर्योदय नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**फिक्कल, इलाम**
**कोशी प्रदेश, नेपाल**

**सिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८१/११/२१)**

यस कार्यालयबाट तपसिल बमोजिमका विभिन्न निर्माणकार्यको लागि मिति २०८१/१०/०९ मा प्रकाशित सिलबन्दी बोलपत्र आह्वानको सूचना बमोजिम पेश हद्रन आएका सिलबन्दी बोलपत्रहरू मध्ये तपसिलमा उल्लेख भएका बोलपत्रहरू न्यून मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भएको हद्रँदा स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन (संशोधन सहित) २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| Contract ID : | Description of Work : | Lowest Evaluated Substantially Responsive Bidder: | Bid Price in NRs. (Including VAT and PS) : |
|---|---|---|---|
| SUMO/ILAM/NCB/WORKS25-081/082 | RCC Pavement works at Rishimode Gorkhe Road phase II | Keynote Consult and builders pvt ltd, Damak | 3,015,908.02 |
| SUMO/ILAM/NCB/WORKS26-081/082 | RCC Pavement works at Fikkal Malim Jurebhanjyang Road phase I | Raj Prajjwal Suppliers and construction Pvt Ltd,Ilam-08 | 4,262,258.64 |
| SUMO/ILAM/NCB/WORKS27-081/082 | RCC Pavement works at Barbote Kattebung Chiruwa Road phase IV | Nayak and Sons Construction Pvt Ltd, Rong-03 | 5,798,855.02 |

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२१ फागुन २०८१ बुधबार
5 March 2025, Wednesday

## सम्पादकीय

# आजीवन नेता, बदलिनै पर्ने प्रवृत्ति

पार्टी निर्माणको ५० वर्षपछि पनि नारायणमान बिजुक्छे नै नेपाल मजदुर किसान पार्टी (नेमकिपा)का अध्यक्ष चयन भएका छन् । भक्तपुरमा सम्पन्न आठौं राष्ट्रिय महाधिवेशनबाट ८४ वर्षीय बिजुक्छे निर्विरोध अध्यक्ष चयन भएका हुन् । उक्त पार्टीबाट प्रतिनिधिसभा सदस्य रहेका प्रेम सुवाल सचिव चयन भएका छन् भने २९ सदस्यीय केन्द्रीय कार्यसमिति चयन भएको छ । यो पार्टीका संस्थापक नेता बिजुक्छे नै हुन् । कम्युनिस्ट पार्टीहरू छिन्नभिन्न रहेका अवस्थामा २०३१ सालमा बिजुक्छेले आफ्नै नेतृत्वमा नेमकिपा गठन गरेका थिए । पार्टी गठनदेखि निरन्तर उनी नेमकिपाका अध्यक्ष छन् । कुनै बेला यो पार्टीको प्रभाव देशैभर थियो । विशेषगरी पश्चिम पहाडबाट संसदीय निर्वाचन जित्ने अवस्थामै नेमकिपा थियो तर अहिले भक्तपुर केन्द्रित छ, अरूतिर नाम मात्रको संगठन छ ।

भक्तपुरको एउटा क्षेत्र र भक्तपुर नगरपालिकामा अरू पार्टीको प्रभाव बढ्न नदिएर नेमकिपाले पृथक् पहिचान बनाएको छ । गत आमनिर्वाचनदेखि बिजुक्छे आफैं भने निर्वाचन लड्न छाडेर प्रेम सुवाललाई अगाडि बढाएका छन् । तर, पार्टी नेतृत्व भने यो उमेरमा पनि हस्तान्तरण गर्न जरूरी ठानेनन् । वैधानिक सुविधाकै कारणले पनि थप ५ वर्ष बिजुक्छे पार्टी अध्यक्ष हुने छन् । अरू कुरा बिर्सने हो भने बिजुक्छे ९० वर्षको आसपाससम्म पनि अध्यक्ष रहने कुरा नेपाली राजनीतिकै प्रवृत्ति हो । बिजुक्छे मात्र नभएर अरू नेताले पनि जीवित रहेसम्म नेतृत्व नछाड्ने प्रवृत्ति कायम राखेका थिए ।

नेपाली कांग्रेसमा प्रायजसो आजीवन सभापतिहरू रहे । हालका सभापति शेरबहादुर देउवा २०५९ देखि नेतृत्व तहमा छन् । कम्युनिस्टहरू अझ डरलाग्दो प्रवृत्ति छ । नेतृत्वबाट हट्नुपरे पार्टी नै फुटाउने रोग कम्युनिस्टहरूमा देखिन्छ । मोहनविक्रम सिंह, माधवकुमार नेपाल, झलनाथ खनाल, पुष्पकमल दाहाल, सीपी मैनालीहरू ४ दशक पहिले पनि पार्टी प्रमुख नै थिए । केपी शर्मा ओली एमालेको तेस्रो पटक अध्यक्ष बन्ने संभावनाबारे चर्चा हुने गरेको छ । मधेश केन्द्रित दलहरूमा पनि महाधिवेशन गर्ने तर नेतृत्व नफेर्ने रोग सरेको छ, जबकि युवा नेतृत्वको खोजी आमप्रवृत्ति बन्न पुगेको छ । गत आमनिर्वाचनको सन्देश पनि नेतृत्व परिवर्तन नै हो । तर, सर्वसाधारणको आमप्रवृत्ति बेवास्ता गर्ने डरलाग्दो रोग नेतृत्व पंक्तिमा छ । यस्तो परस्पर विरोधी प्रवृत्ति सधैं सँगै नचल्न सक्छ, बेलैमा सोच्न आवश्यक छ ।

# बजेट कस्तो हुनुपर्छ ?

*बजेट सन्तुलित र व्यावहारिक हुनुपर्छ । आय र खर्चबीचको सन्तुलन कायम गर्न ध्यान दिनुपर्छ । अनावश्यक खर्च कटौती गर्दै उत्पादनशील क्षेत्रमा लगानी बढाउनुपर्छ...*

अग्रलेख



● चन्द्रबहादुर बस्याल

> सबैभन्दा पहिले बजेट जनमुखी र समावेशी हुनुपर्छ । जनमुखी बजेटले जनताको वास्तविक आवश्यकता, समस्या र आकांक्षालाई सम्बोधन गर्छ । बजेट बनाउने प्रक्रियामा आमजनताको सुझाव, विज्ञहरूको राय र स्थानीय तहका योजनालाई समेट्नु महत्वपूर्ण हुन्छ...

बजेट कुनै पनि मुलुकको आर्थिक योजनाको लिखित दस्तावेज हो, जसले आगामी आर्थिक वर्षका लागि सरकारका प्राथमिकता, नीति तथा कार्यक्रमलाई आर्थिक ढाँचामा प्रस्तुत गर्छ । बजेटले सरकारको आम्दानी, खर्च र वित्तीय व्यवस्थापनको स्पष्ट खाका कोर्छ । आर्थिक समृद्धि, सामाजिक न्याय र समावेशी विकासलाई सुनिश्चित गर्न बजेटको महत्त्वपूर्ण भूमिका हुन्छ ।

त्यसैले, बजेट बनाउँदा विभिन्न पक्षलाई ध्यानमा राख्न आवश्यक हुन्छ । सबैभन्दा पहिले बजेट जनमुखी र समावेशी हुनुपर्छ । जनमुखी बजेटले जनताको वास्तविक आवश्यकता, समस्या र आकांक्षालाई सम्बोधन गर्छ । बजेट बनाउने प्रक्रियामा आमजनताको सुझाव, विज्ञहरूको राय र स्थानीय तहका योजनालाई समेट्नु महत्त्वपूर्ण हुन्छ । जनताको सहभागिताबिना बनाइएको बजेट अपूर्ण हुन्छ र दीर्घकालीन रूपमा सफल हुन सक्दैन ।

बजेटको अर्को महत्त्वपूर्ण पक्ष आर्थिक वृद्धि हो । मुलुकको आर्थिक वृद्धिलाई दिगो बनाउन बजेटले उत्पादनशील क्षेत्रहरूमा लगानी वृद्धि गर्नुपर्ने हुन्छ । कृषि, उद्योग, पर्यटन, ऊर्जा, सूचना प्रविधि जस्ता क्षेत्रलाई प्राथमिकता दिँदा आर्थिक वृद्धि तीव्र र दिगो हुन्छ । कृषिप्रधान मुलुकको हैसियतले नेपालमा कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिनुपर्ने हुन्छ । उत्पादन वृद्धि, आधुनिक प्रविधि प्रयोग, सिँचाइ सुविधा, बिउ-बीजन उपलब्धता र बजार व्यवस्थापनका कार्यक्रमहरू बजेटमा समेटिनुपर्छ ।

उद्योग र पर्यटन क्षेत्रले रोजगारी सिर्जना, विदेशी मुद्रा आर्जन र आर्थिक समृद्धिमा महत्त्वपूर्ण योगदान दिन सक्छन् । त्यसैले, बजेटले लघु, घरेलु तथा साना उद्योगलाई प्रोत्साहन गर्ने, पूर्वाधार निर्माणमा लगानी बढाउने र नीति सुधारमार्फत निजी क्षेत्रलाई आकर्षित गर्ने योजना अघि सार्नुपर्छ । बजेटले सामाजिक न्याय र समावेशी विकासलाई आत्मसात् गर्नुपर्छ ।

महिला, दलित, अपांगता भएका व्यक्ति, अल्पसंख्यक समुदाय तथा दुर्गम भेगका नागरिकहरूलाई लक्षित कार्यक्रमहरू बजेटमा समेटिनुपर्छ । शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ र सामाजिक सुरक्षा जस्ता आधारभूत सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने योजना बजेटमा समावेश गरिनुपर्छ । बजेट सन्तुलित र व्यावहारिक हुनुपर्छ । आय र खर्चबीचको सन्तुलन कायम गर्न ध्यान दिनुपर्छ । अनावश्यक खर्च कटौती गर्दै उत्पादनशील क्षेत्रमा लगानी बढाउनुपर्छ ।

वैदेशिक सहायता र ऋणमा मात्र भर नपरी आन्तरिक स्रोत परिचालनलाई प्राथमिकता दिनुपर्छ । कर प्रणाली पारदर्शी, सरल र न्यायोचित बनाउन बजेटले विशेष नीति ल्याउनुपर्छ । बजेटमा संघीयता र स्थानीय सरकारको भूमिकालाई महत्त्व दिनुपर्छ । स्थानीय तहका योजनाहरूलाई प्राथमिकता दिँदै स्रोत, साधनको बाँडफाँटमा समानुपातिक प्रणाली अपनाउनुपर्छ । बजेटले संघ, प्रदेश र स्थानीय तहबीच समन्वय, क्षमता विकास र स्रोत, साधन व्यवस्थापनमा स्पष्ट नीति ल्याउनुपर्छ ।

जलवायु परिवर्तन, विपद् व्यवस्थापन र दिगो विकासलाई बजेटले बेवास्ता गर्न मिल्दैन । हरित विकास, नवीकरणीय ऊर्जा, वन संरक्षण र जलस्रोत व्यवस्थापनलाई बजेटमा प्राथमिकता दिनुपर्छ । सूचना प्रविधि र नवप्रवर्तनलाई बजेटले महत्त्व दिनुपर्छ । डिजिटल नेपाल निर्माणका लागि प्रविधिमा लगानी, स्टार्टअप प्रोत्साहन र युवा उद्यमशीलताको विकासका योजना बजेटमा समेटिनुपर्छ ।

बजेट पारदर्शी, जबाफदेही र भ्रष्टाचारमुक्त हुनुपर्छ । बजेट कार्यान्वयनको प्रभावकारी अनुगमन, सार्वजनिक लेखापरीक्षण र परिणाममूलक मूल्यांकनको व्यवस्था गरिनुपर्छ ।

### बजेटका प्राथमिकता के ?

सबैभन्दा पहिला बजेटले कृषि क्षेत्रलाई प्राथमिकता दिनुपर्छ । नेपालको अर्थतन्त्र मुख्यतः कृषिप्रधान भएकाले यो क्षेत्रलाई आत्मनिर्भर बनाउने योजनालाई बजेटले विशेष जोड दिनुपर्छ । कृषकलाई सहुलियतपूर्ण ऋण, आधुनिक प्रविधि, मलखाद, बिउ-बीजन तथा सिँचाइ सुविधामा पहुँच सहज गराउनुपर्ने हुन्छ । स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्दै बजार व्यवस्थापनको नीति बजेटमा समेट्नुपर्छ ।

उत्पादन, नवीकरणीय ऊर्जा र साना तथा ठूला जलाशय निर्माणका परियोजनालाई बजेटले प्राथमिकता दिनुपर्छ ।

बजेटले सामाजिक न्याय र समावेशी विकासलाई आत्मसात् गर्नुपर्छ । महिला, दलित, अपांगता भएका व्यक्ति, अल्पसंख्यक समुदाय र गरिब वर्गलाई लक्षित कार्यक्रमहरू बजेटमा समेट्नुपर्छ । सामाजिक सुरक्षा भत्ता, खाद्य सहायता र स्वरोजगार कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्ने योजना ल्याउनु जरुरी छ ।

जलवायु परिवर्तन र वातावरण संरक्षणसम्बन्धी कार्यक्रमहरू बजेटमा समावेश हुनुपर्छ । हरित विकास, वन संरक्षण, नवीकरणीय ऊर्जा प्रवर्द्धन र जलस्रोत व्यवस्थापनका योजना बजेटमा समेट्नुपर्छ । सूचना प्रविधि र नवप्रवर्तनको प्रवर्द्धनसमेत बजेटले गर्नु आवश्यक छ । डिजिटल नेपाल निर्माणका लागि प्रविधि क्षेत्रमा लगानी, स्टार्टअप प्रवर्द्धन र सूचना प्रविधिको पहुँच विस्तारलाई बजेटमा समावेश गर्नुपर्छ ।

सुशासन र पारदर्शिता कायम गर्न बजेटले प्रभावकारी अनुगमन प्रणाली, सार्वजनिक लेखापरीक्षण र




रोजगारी सिर्जना अर्को महत्त्वपूर्ण विषय हो । मुलुकमा बढ्दो बेरोजगारी समस्या समाधानका लागि लघु उद्यम, सीप विकास कार्यक्रम, युवा उद्यमशीलता र स्वरोजगारका योजनालाई बजेटले प्राथमिकता दिनुपर्छ । विदेश जाने युवा जनशक्तिलाई स्वदेशमै परिचालन गर्ने कार्यक्रम बजेटमा समावेश हुनुपर्छ । शिक्षा र स्वास्थ्यमा लगानी बजेटको मूल आधारशिला हो । गुणस्तरीय र सर्वसुलभ शिक्षाका लागि सरकारी विद्यालयमा पूर्वाधार विकास, शैक्षिक सुधार र प्राविधिक तथा व्यावसायिक शिक्षामा लगानी वृद्धि गर्नुपर्छ ।

स्वास्थ्य क्षेत्रमा सर्वसुलभ र गुणस्तरीय सेवा प्रवाहका लागि आधारभूत स्वास्थ्य सेवा विस्तार, स्वास्थ्य बीमा कार्यक्रम र दुर्गम क्षेत्रमा स्वास्थ्यकर्मीको पहुँचलाई बजेटले प्राथमिकता दिनुपर्छ ।

पूर्वाधार विकास आर्थिक समृद्धिको मेरुदण्ड हो । सडक, विद्युत्, संचार, खानेपानी र आवासीय पूर्वाधारको विकासमा बजेटले पर्याप्त लगानी गर्नुपर्छ । जलविद्युत्

भ्रष्टाचार नियन्त्रणका नीति ल्याउनुपर्छ । बजेट खर्चको पारदर्शिता र जबाफदेहिताका लागि अनुगमन संयन्त्र सशक्त बनाउनुपर्छ । समग्रमा, नेपालको बजेटले आर्थिक वृद्धि, सामाजिक न्याय, समावेशी विकास र सुशासनलाई सन्तुलित ढंगले समेट्नुपर्छ । बजेटले दीर्घकालीन विकासलाई लक्षित गर्दै आत्मनिर्भर अर्थतन्त्र निर्माणका योजना अघि सार्नुपर्छ । स्रोत परिचालन, व्यावहारिक योजना र पारदर्शी कार्यान्वयनका माध्यमबाट मात्र बजेटले मुलुकलाई समृद्धिको दिशामा अघि बढाउन सक्छ ।

निष्कर्षमा, बजेटले आर्थिक वृद्धि, सामाजिक न्याय, समावेशी विकास, स्रोत, साधन परिचालन र सुशासनलाई सन्तुलित ढंगले समेट्नुपर्छ । बजेट मुलुकको आर्थिक मार्गचित्र हो, जसले समृद्ध नेपाल निर्माणको आधार तयार गर्छ । त्यसैले, बजेट निर्माणमा दीर्घकालीन सोच, व्यावहारिक योजना र जनताको सक्रिय सहभागिता सुनिश्चित हुनुपर्छ ।

## इतिहासमा आज

५ मार्च १९४९ मा भारतमा झारखण्ड पार्टीको स्थापना भएको थियो ।



५ मार्च १९६२ मा संयुक्त राज्य अमेरिकाले नेभाडा परीक्षण स्थलमा आणविक परीक्षण गरेको थियो ।



५ मार्च १९८० मा पृथ्वीका उपग्रहहरूले सुपरनोभा एन-४९ को अवशेषबाट गामा किरणहरू रेकर्ड गरेका थिए ।



५ मार्च २०१८ मा उत्तर कोरियाली नेता किम जोङ उनले पदभार ग्रहण गरेपछि पहिलो पटक दक्षिण कोरियाली अधिकारीहरूलाई भेटेका थिए ।



## सामाजिक सञ्जाल




**सरोज कोइराला**

यो ६ महिनामा नेपाल विद्युत् प्राधिकरणले ११ अर्ब ३६ करोड नाफा आर्जन गर्नुका साथै अन्य विभिन्न विद्युत्सम्बन्धी सुधारात्मक काम पनि गरिरहेको देखिन्छ । त्यसको बाबजुद आमजनताले आस गरेका कुलमानलाई निकाल्ने कुटिल प्रपञ्च र प्रयास गरिरहेको छ ओली सरकार । बडो बिचित्र छ यो देशको राजनीति !



**शरद पाठक**

भरतपुरमा बाटोघाटो फराकिलो र पिच बनेका छन् । यो उपलब्धि हो । तर, के विकास त्यत्ति मात्रै हो त ? सडक पूर्वाधार नै विकासको अन्तिम मापक हो त ? दीर्घकालीन सोचअनुसार योजनाबद्ध विकास अघि बढेको छ ? पर्यावरण र विकासबीचको सन्तुलन छ ? फोहोर व्यवस्थापन कसरी भएको छ ? सार्वजनिक शिक्षा कति उकासिएको छ ?



**मधुकर खनाल**

नेपाली कांग्रेसभित्र एकले अर्कोलाई खुइल्याउने प्रवृत्ति मौलाएको देखिन्छ । शक्ति (भीड) प्रदर्शन गर्ने ठूलो प्रतिस्पर्धा चलेको छ । यसले पार्टीलाई कहाँ पुऱ्याउँछ ? संस्थाभन्दा व्यक्ति ठूलो भन्ने भाष्य निर्माण हुँदै छ । पार्टी हिजो थियो, आज छ, भोलि पनि रहन्छ, रहनुपर्छ ।



**कृष्ण घिमिरे**

कुलमानलाई सरकारले दिएछ शून्य अंक । सरकार यति लज्जास्पद सायद संसारमा कतै होला । दोष शेरबहादुर र महासचिवद्वयको, सरकारलाई छाडा छाडेकामा । जे गर्दा पनि जनता पत्याउँछन् भन्ने भ्रमबाट मुक्त हुनू । अजम्बरी छौं भन्ने नठान, जनताको कठघरामा जाने दिन पनि पक्कै आउँछ ।

# विज्ञान र मानव सभ्यता

विचार



● राजन तिमिल्सिना

> प्राचीन समयमा मानिसले डोको, डालो, हलो, कुटो, कोदालो, जाँतो, घ  जस्ता उपकरणहरु आविष्कार गरेका थिए । यी आविष्कार नगरेको भए, आधुनिक वैज्ञानिक प्रविधिको जग बस्ने थिएन । कसैले विज्ञान पढ्यो भने मात्र वैज्ञानिक बन्छ भन्ने सोच संकुचित हो । हाम्रा पुर्खाहरु पनि वैज्ञानिक नै थिए...

मानव सभ्यताको इतिहासलाई हेर्दा विज्ञान सधैं विकासको मूल प्रेरक शक्तिका रूपमा देखापरेको छ । करिब २६ लाख वर्ष पहिले, जब मानव पुर्खाले सिकार खेल्न ढुंगाका हतियार बनाएका थिए, त्यस समयमा त्यो एक अत्यन्त ठूलो आविष्कार थियो ।

आज हामी अन्तरिक्ष अनुसन्धानका लागि स्याटलाइट बनाउँछौं तर त्यतिबेलाको मानवका लागि ढुंगाको हतियार बनाउन सक्नु नै स्याटलाइट निर्माण बराबरको उपलब्धि थियो । जसरी आजका वैज्ञानिकहरू महान छन्, त्यस्तै ढुंगाको हतियार बनाउने ती प्रथम आविष्कारक पनि उत्तिकै महान थिए ।

मानव पुर्खाले करिब १४ लाख २० हजार वर्ष पहिले अफ्रिकामा आगोको आविष्कार गरे । आगोले मानव जीवनमा क्रान्तिकारी परिवर्तन ल्यायो । यसले जंगली जनावरहरूबाट सुरक्षा दियो । खानालाई पकाउन सहयोग गऱ्यो । रातमा उज्यालो दियो र चिसो मौसममा ताप प्रदान गऱ्यो । त्यसपछि ४ लाख वर्षअघि मात्र मानिसले छाप्रोमा बस्न थाले ।

यससँगै, रूखका बोक्रा र जनावरका छालालाई वस्त्रका रूपमा प्रयोग गर्न थालियो । आधुनिक वस्त्र उद्योगको जग त्यतिबेलै बसेको थियो । जसरी आज वस्त्र डिजाइन गर्ने वैज्ञानिकहरू छन्, त्यसरी नै पहिलो पटक आफ्नो शरीरलाई ढाक्ने उपाय निकालेका ती मानव पनि वैज्ञानिक नै थिए ।

मानव जातिले लाखौं वर्षदेखि थालेको आविष्कारको शृंखलाले नै आजको वैज्ञानिक उन्नति सम्भव बनाएको हो । यदि वैज्ञानिक चेतनाको विकास नभएको भए हाम्रो जीवन अत्यन्तै कठिन, अन्धकारमय र कहालीलाग्दो हुने थियो । विज्ञानकै कारणले ढुंगाका हतियार, ओत लाग्ने छाप्राहरू, आगोको नियन्त्रण, औषधि तथा मानव शरीर संरचनाको ज्ञान सम्भव भयो । यी सबै आविष्कारहरूबिना मानव जीवन कठिनतम् अवस्थामा रहने थियो ।

विद्युत्को आविष्कारले अन्धकारमाथि विजय प्राप्त गऱ्यो । यसकै कारण औद्योगिक क्रान्ति सम्भव बन्यो । गाडी, रेल, हवाईजहाजको विकासले भूगोललाई साँघुरो बनाइदियो । संसारलाई 'ग्लोबल भिलेज'मा परिणत गऱ्यो ।

रकेट र स्याटलाइटको निर्माणले पृथ्वीबाहेक अन्य ग्रहहरूको खोजीलाई सम्भव बनायो । सूर्य र चन्द्रमालाई पूज्य देवता ठान्ने धार्मिक अन्धविश्वास अन्त्य गर्दै वैज्ञानिक अनुसन्धानको नयाँ युग सुरु गरियो । संचार प्रविधिको विकासले मानव समाजलाई जोड्यो । रेडियो, टेलिभिजन, इन्टरनेटले सूचना प्रवाह सहज बनाए ।

बेहोस पार्ने औषधि (एनेस्थेसिया)को विकासले शल्यक्रियालाई सुरक्षित बनायो । खोपको आविष्कारले महामारी नियन्त्रण गऱ्यो, लाखौंको ज्यान बचायो । मानव अंग प्रत्यारोपण विज्ञानकै कारण सम्भव भयो, जसले जीवन लम्ब्याउने नयाँ सम्भावनाहरू खोल्यो ।

प्राचीन समयमा मानिसले डोको, डालो, हलो, कुटो, कोदालो, जाँतो, घट्ट जस्ता उपकरणहरू आविष्कार गरेका थिए । यी आविष्कार नगरेको भए, आधुनिक वैज्ञानिक प्रविधिको जग बस्ने थिएन । कसैले विज्ञान पढ्यो भने मात्र वैज्ञानिक बन्छ भन्ने सोच संकुचित हो । हाम्रा पुर्खाहरू पनि वैज्ञानिक नै थिए । उनीहरूले आफ्नो अनुभव र प्रयोगका आधारमा ज्ञान आर्जन गरे, जसको परिणामस्वरूप हामी आजको विकसित मानव सभ्यतासम्म आइपुगेका छौं ।

विज्ञानले सभ्यतालाई निर्माण मात्र गरेको छैन, यसलाई निरन्तर परिमार्जन गर्दै अघि बढाइरहेको छ । अतीतका आविष्कारकहरूप्रति सम्मान गर्दै, वर्तमान वैज्ञानिक उपलब्धिहरूको सही उपयोग गर्दै, भविष्यका लागि विज्ञानलाई अझ उन्नत बनाउनु हाम्रो कर्तव्य हो । विज्ञानको सम्मान गरौं, नवप्रवर्तनलाई आत्मसात् गरौं । अन्धविश्वास त्यागौं, उज्ज्वल भविष्य निर्माण गरौं ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# नेपाल समाज एसोसिएसन कोस्टाव्लात्ताको अध्यक्षमा थापा

**स्पेन/मस-** नेपाल समाज एसोसिएसन कोष्टाव्लाङ्काका स्पेनको अध्यक्षमा केशरबहादुर थापा निर्विरोध चयन भएका छन्।

तेस्रो अधिवेशनबाट थापाको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्यसमिति चयन भएको हो। थापा दुई दशकदेखि कोष्टाव्लाङ्कामा रेष्टुरेन्ट व्यवसायमा सक्रिय छन्। थापाले कयौं विपन्न तथा गरिव समुदायका व्यक्तिहरुलाई स्वदेशमा सहयोग गर्दै आइरहेका छन्।



निर्वाचन समिति संयोजक, एनआरएनए कोष्टाव्लाङ्काका संस्थापक अध्यक्ष, एनआरएनए स्पेनका उपाध्यक्ष तथा समाजका वरिष्ठ सल्लाहकार सुरेन्द्र भुजेल थापाका अनुसार नयाँ कार्यसमितिले सोमबार शपथ तथा पदभार ग्रहण गरेका छन्। संयोजक थापाले नवनिर्वाचित अध्यक्ष थापालाई शपथ गराएका हुन्।

यस्तै एशोसियसनको महासचिवमा विजय कुँवर, उपाध्यक्षहरुमा डा. सविता पाठक, मोति सागर पुन, हेमराज सापकोटा र सचिवमा छेसाङ लोप्चन (असिम), कोषाध्यक्ष विना थापा अधिकारी चयन भएका छन्।

यस्तै महिला संयोजकमा लक्ष्मी आचार्य धिताल, युवा संयोजकमा विष्णु गुरुङ चयन भएका छन्। सदस्यहरुमा राजेन्द्र दाहाल, कृष्ण पुन, सोनल पुन, पाइलट विद्यार्थी सेजल कँडेल, बलबहादुर थापा बोहरा, विप्लव काफ्ले चयन भएका छन्।

नवनिर्वाचित पदाधिकारी, संयोजक तथा सदस्यलाई अध्यक्ष थापाले शपथ गराएका थिए।

निर्वाचन समिति संयोजक सुरेन्द्र भुजेल थापाले कोष्टाब्लांका क्षेत्रमा नेपालीहरुका लागि एशोसियसन अभिभावक सरह बन्दै गइरहेको बताए। 'दुःख, सुखमा नेपालीले नेपालीलाई सहयोग गर्ने भावना बढेको छ', उनले भने, 'नेपाली चाडपर्व सामुहिक मनाउने क्रम बढेको छ, एकता विकास भएको छ।' एनआरएनए स्पेनका उपमहासचिव, समाजका पूर्वअध्यक्ष केशवराज कँडेलले समाजले सबै नेपालीलाई गोलबद्ध गरेको बताए। 'समाज साझा चरित्रको बनेको छ', उनले भने, 'अब नेपाल र नेपालीको पुल बन्नुपर्छ, एकतानै बल हो।' एनआरएनए कोष्टाव्लाङ्काका अध्यक्ष सुरेश बज्राचार्यले समस्या समाधान या अवसर खोज्दा नेपाली संस्थाहरु अभिभावक बन्न जरुरी रहेको बताए।

समाजका पूर्वअध्यक्ष अक्कलबहादुर बोहरा, एनआरएनए कोष्टाव्लाङ्काका पूर्वअध्यक्ष देवराज सापकोटा, समाजका सल्लाहकार मुकुन्द लामिछाने, एनआरएनए स्पेनका पूर्वउपाध्यक्ष सृजना लामिछानेले एशोसियसन सबैको साझा बन्दै सशक्त कामहरु गर्न सुझाए। नवनिर्वाचित अध्यक्ष थापाले नेपाल चिनाउने गरी समाजले गतिविधिहरु गर्ने बताए। 'गौतम बुद्ध, सगरमाथा, नेपाली खाना, कला संस्कृतिबारे विश्वलाई सन्देश दिने गरि गतिविधि हुनेछन्,' उनले भने, 'नेपाल चिनाउन लाग्नेछौं, स्पेनबासी या पर्यटकले सजिलै नेपाल चिन्न सकुँन्।' उनले गौतम बुद्ध नेपालमै जन्मिएको सन्देश दिन कोष्टाव्लाङ्कामै गुम्बा-मन्दिर बनाउन पहल गरिने बताए। उनले कोष्टाव्लाङ्कां क्षेत्रमा रहेका नेपालीहरुको तथ्यांक र अवस्थाबारे अध्ययन गर्ने कार्यदल नै बनाइने बताए। निवर्तमान अध्यक्ष नवराज दवाडीले समाजलाई विस्तार गर्दै सबै नेपालीहरुलाई एकत्रित गर्न लाग्नुपर्नेमा जोड दिए।

# झवीन्द्र आचार्यको १३औं पुण्यतिथिमा कतारमा शोकसभा

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २० फागुन

सधैं रौनकताले भरिने कतारको सनैया क्षेत्रमा रहेको फूलबारी रेस्टुरेन्टमा सोमबार साँझ शान्त थियो। हलमा उपस्थित सबै मौन तथा मलिन अवस्थामा थिए। साँझको साढे सात बजेतिर पोडीएममा रहेका कार्यक्रम सञ्चालक देवराज पुन मगरले अब कार्यक्रमको सुरुवात गरौं है भने तब हलमा एकाएक सन्नाटा छायो।



स्टेजमा मन्द मुस्कानसहितको एक फोटोलाई फ्रेममा माल्यार्पण गरी अन्तिम श्रद्धाञ्जलीको लागि राखिएको थियो। उक्त फोटो व्यवसायी तथा सामाजिक व्यक्तित्व गुल्मी जिल्ला मालिका गाउँपालिका ५ छाप निवासी स्वः झवीन्द्र आचार्यको रहेको थियो। गत फेब्रुअरी १९ तारिख साँझ ८ बजे कतारको आबुहामुर सडक किनारमा उभिएका आचार्यलाई तीव्र गतिमा अनियन्त्रित भइ आएको लिमोजिन ट्याक्सीले ठक्कर दिँदा घटनास्थलमै ज्यान गएको थियो। आचार्यको १३ औं दिनको पुण्य तिथिको अवसरमा श्रद्धाञ्जली सभा कार्यक्रमको आयोजना गरिएको थियो।

कार्यक्रममा गुल्मी सेवा समाज कतारका अध्यक्ष कमल अर्यालले आचार्यको जीवनी वाचन गरेका थिए। अर्यालले जीवनी वाचन गर्दै गर्दा हलमा उपस्थित अधिकांशको आँखाको डिलमा आँसु प्रस्ट देखिन्थ्यो। आचार्य रोजगारीको सिलसिलामा १२ वर्षको कलिलो उमेरमा भारतको नयाँ दिल्ली पुगेका थिए। केही वर्ष काम गरी सन् २००७ मा श्रमिकको रूपमा कतार छिरेका स्व.आचार्यले केही समय श्रमिक रूपमा काम गरे पनि हाल कतारमै आफ्नै व्यवसाय गर्दै दुई दर्जन भन्दा बढीलाई रोजगारी प्रदान गर्दै आएका थिए।

कार्यक्रममा सहभागीहरूले आचार्यको फोटोमा फुलगुच्छासहित श्रद्धाञ्जली व्यक्त गर्दै गर्दा हलमा सन्नाटा छाएको थियो। आचार्यलाई श्रद्धाञ्जली अर्पण गर्न आइपुगेका कतारका लागि नेपाली राजदूत रमेश चन्द्र पौडेलले आफू कतारमा नयाँ भएको हुँदा आचार्यसँग सामिप्यता नभए पनि उनी असल समाजसेवी भएको आफूले पाएको बताए। सामाजिक संस्था गुल्मी सेवा समाज कतारको वरिष्ठ सल्लाहकार, गैरआवासीय नेपाली संघ कतारका सह-कोषाध्यक्ष, लुम्बिनी प्रदेश समन्वय परिषद् कतारको उपाध्यक्षको जिम्मेवारीमा रहेका उनी मोना कतार बहुउद्देश्यीय अक्षयकोषका आजीवन सदस्य, बागलुङ सेवा समाज, दाङ देउखुरी सेवा समाज दोहा कतारका मानार्थ सदस्य र राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल कतार शाखाका सल्लाहकार पदमा थिए।

कार्यक्रमको अन्त्यमा बोल्दै गैरआवासीय नेपाली संघ कतारका अध्यक्ष तथा कार्यक्रमका सभापति रमेश भट्टले आचार्यको दुर्घटना हुनुपूर्व र दुर्घटनापछि घटनाक्रमको स्मरण गरेका थिए। भावुक हुँदै कार्यक्रमको समापन गरेका भट्टले आचार्यको शव पठाउन साथ सहयोग गर्ने सबैप्रति कृतज्ञता ज्ञापन गर्दै शोक सन्तप्त परिवारजनमा कतारमा रहेका सबै नेपालीको तर्फबाट गहिरो समवेदना प्रकट गरेका थिए।

कतारदेखि गृह जिल्लासम्म आर्थिक नैतिक भौतिक सहयोग गर्न सदैव तत्पर रहने आचार्यको श्रद्धाञ्जली सभामा एनआरएनए आइसीसीका पदाधिकारीहरू, कतारमा स्थापित विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधि, सामाजिक व्यक्तित्व, पत्रकारसहित शुभचिन्तकहरुको बाक्लो उपस्थिति रहेको थियो।


## कर्मचारी निस्कासन गरिएको सूचना

एस एन एम एस रिक्रुटमेन्ट सर्भिस प्रा.लि. वै.रो.प.सं.१५५६ मा कार्यरत नाम Gam Bahadur Tamang (GB) नगरिकता नं: ४५१००५/१४३८, ID Card no: 23 (PRO) ले आफ्नो पदबाट राजीनामा गरेको निवेदन बमोजिम मिति : २०८१/११/०९ को दिन निजको राजीनामा स्वीकृत गरिएकोले निजलाई एस प्रा.लि को कर्मचारीवाट निस्कासन गरिएको व्यहोरा सबैमा सूचित गरिन्छ। साथै निजसँग यस प्रा.लि. को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनहुन यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराईन्छ। यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन। साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा. लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

Gov License No 1556/079/080

**NMS RECRUITMENT SERVICE PVT.LTD.**
बौद्ध-६, काठमाडौं, फोन नम्बर -०१ ५९१४५३५/५९१४५३६
Email:info@nmsmanpower.com,Website:www.nmsmapower.com

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८१/११/२१**

**हेलो ग्लोबल स्किल डेभलपमेन्ट सेन्टर** को मिति २०८१/११/१० गते सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ग्लोबल स्किल (प्रा.लि. नं.: ३६०९३४)** कायम गर्ने गरी मिति २०८१/११/१३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## डिभिजन वन कार्यालय भेरी बाबियाचौर, सुर्खेतको काठ/दाउरा संकलन सम्बन्धी सूचना

**पहिलो पटक प्रकाशित मिति : २०८१/११/२१**

यस डिभिजन बन कार्यालय भेरीको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रिय वनमा रहेका ढलापडा काठ/दाउरा कटान मुछान गरी तोकिएको स्थानमा घाटगद्धी गर्नका लागि यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत पर्ने दामाखोला राष्ट्रिय वन लयागत ३ (तीन) वटा रा.व.को प्लट नं. ३३, ३४ र ३७ को काठ/दाउरा लिलाम घटाघट प्रकियाद्वारा संकलन गर्नुपर्ने भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरीएको छ। इच्छुक व्यक्ति फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ औं दिन कार्यालय समयभित्र श्री प्रदेश वन निर्देशनालय कर्णाली प्रदेश सुर्खेत वा श्री डिभिजन वन कार्यालय भेरी बावियाचौर सुर्खेतबाट बोलपत्र खरिद गरी २२, औं दिन दिनको १२:०० बजेभित्र शिलबन्दी बोलपत्र श्री प्रदेश वन निर्देशनालय कर्णाली प्रदेश सुर्खेत वा श्री डिभिजन वन कार्यालय भेरी बावियाचौर सुर्खेतमा दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरीएको छ।

**तपसिलः**

| सि.नं | प्लट. नं | जात | काठ क्यू फि. | दाउरा चट्टा | अवस्था | रा.व.को नाम र ठेगाना | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | ३३ | खयर | १०५६.८७ | - | ढलापडा | धईरेनी रा.व. बराहताल गा.पा.४ सुर्खेत | |
| २ | ३४ | खयर | २५०.९७ | - | ढलापडा | गौथलिमेला रा.व. बराहताल गा.पा.४ सुर्खेत | |
| ३ | ३७ | साल | १४१६.४९ | २.९८ | ढलापडा | दामाखोला रा.ब. बराहताल गा.पा.४ सुर्खेत | |

## कुवेतमा रोजगार

कम्पनीः ALREDHA AL KHALIJIA GEN. TRAD. & CONT. EST. शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/११/२० चलानी नं.: ६०२३३९५१ L.T. No.: 319766

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 18 | 0 | स. काममा दक्ष | 100 | ४५,१७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २८ गत (12 March 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**OMAMA MANPOWER PVT. LTD.** Gov. Lic. No. 1422/074/075
An ISO 9001: 2015 International Standards Certified Recruiting Agency
Sinamangal-9, Ekatatole, Hyundai Showroom Opposite, Kathmandu
Tel: 01-4587731, 01-4581383, 9702046184, Whatsapp : 9702046184, 9801054682, 9805945922.
E-mail: omamamanpower@gmail.com, URL : www.omamamanpower.com



**Lumbini Provincial Government**
**Ministry of Social Development**
**Directorate of Education and Social Development**
**Social Development Division Office**
**Nepalgunj, Banke**

## Invitation for Sealed Quotation

**IFB No: 20-081/082**
**(First Date of publication: 2081/11/21 (2025/03/05)**

Social Development Division Office Nepalgunj, Banke invites only electronic bids from eligible bidders for the following works:

| S. N. | Contract No/ Bids No | Description of Works | Estimated Amount without VAT & PS (NRs.) | Bid Security Amount (NRs.) / Validity Period | Bid document Price (NRs.) | Type of Bidding |
|---|---|---|---|---|---|---|
| 1. | SDDOBANKE/W/SQ-117/2081/082 | Construction of Truss for Khajura Badmintion Club Khajurra- 03 Ka Gaun, Banke | 8,38,488.69 | 20,000.00/75 Days | 1,000.00 | S.Q. |
| 2. | SDDOBANKE/W/SQ-118/2081/082 | Construction of Mesh Wire Wall Works of Kusma Devi Yuva Sport Club Barbardiya - 04 Barbatta, Bardiya | 8,39,787.73 | 20,000.00/ 75 Days | 1,000.00 | S.Q. |
| 3. | SDDOBANKE/W/SQ-119/2081/082 | Construction of First floor Building of Shree Siddharth Ma.Vi. Kohalpur-05 Rajhena, Banke | 16,73,069.52 | 40,000.00/ 75 Days | 1,000.00 | S.Q. |

**Re-invitation for Sealed Quotation**
**IFB No: 21-081/082**
**(Second Date of publication: 2081/11/21 (2025/03/05)**

Social Development Division Office Nepalgunj, Banke invites only electronic bids from eligible bidders for the following works:

| S. N. | Contract No/ Bids No | Description of Works | Estimated Amount without VAT & PS (NRs.) | Bid Security Amount (NRs.) / Validity Period | Bid document Price (NRs.) | Type of Bidding |
|---|---|---|---|---|---|---|
| 1. | SDDOBANKE/W/SQ-114/2081/082 | Construction of Toilet of Darul Uloom Gulshan-E-Raza Nepalgunj-21 Birta, Banke | 8,49,945.55 | 20,000.00/75 Days | 1,000.00 | S.Q. |

| Last date and time for purchase of Bid Document and bid submission | Date, Time and place of Bid Opening |
|---|---|
| Sealed Quotation (SQ) | |
| 2081/12/07 B.S. (2025/03/20AD); up to 12:00 PM; Social Development Division Office Nepalgunj, Banke (electronic) | 2081/12/07 B.S. (2025/03/20AD); up to 1:00 PM; Social Development Division Office Nepalgunj, Banke (electronic) |
| Bid security validity period | 30 days beyond Bid validity period |
| Bid Validity period | 45 Days for SQ |
| Account No. for bid document purchase/ Bid Fee | Bank name: Rastriya Banijaya Bank, Nepalgunj Branch<br>Account Name: Province Financial Unit Office, Nepalgunj (Pra. Le. E. Ka.)<br>Revenue (rajaswa) Account Number: 1000100200010000<br>Office Code: 3500057025 (Social Development Division Office Nepalgunj, Banke)<br>Revenue (rajaswa) Heading number: 14229<br>Revenue (rajaswa) Amount: Rs.1000/-<br>(mentioned purpose of deposit stating contract no. clearly) |
| Account No. for bid security deposit | Bank Name: Rastriya Banijaya Bank, Nepalgunj Branch<br>Account Name: Province Financial Unit Office, Nepalgunj (Pra. Le. E. Ka.)<br>Account Number: 4130100202030000 (Dharautikhata)<br>Office Code: 3500057025 (Social Development Division Office Nepalgunj, Banke) |

1. Bidders shall submit their Bids electronically only. For e-bidding visit PPMO's e-procurement web portal https://www.bolpatra.gov.np/egp and for additional information please inspect the bidding documents at the Social Development Division Office Nepalgunj, Banke.
2. Social Development Division Office Nepalgunj, Banke reserves the right to accept or reject any Bids without assigning any reasons whatsever, other terms and conditions not covered here will be in accordance to PPA-063 and PPR-064.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Officer**



# Triyuga Municipality
## Office of the Municipal Executive
**Gaighat, Udayapur**
**Koshi Province, Nepal**

## Invitation For Bid

**IFB No.: -19-TM/UDA/2081/082**
**Date of Publication: - 2081-11-21 (2025-03-05)**

1. Triyuga Municipality Office, Gaighat, Udayapur invites online bids from duly registered eligible national bidders for the following works under National Competitive Bidding.

| S. N. | Contract ID | Description & Location of Works | Estimated Amount (without VAT) (NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs) | Bid Validity Period/ Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | TM-UDA-NCB-WORKS-19/2081-082 | Reconstruction Work of Bhimsen Temple, Triyuga Municipality, Udayapur | 82,27,740.65 | 3,000.00 | 2,46,000.00 | 90 days/ 120 days |

2. Information to deposit the cost of bidding document and bid bond in bank:

| | | | |
|---|---|---|---|
| Office Name | Triyuga Municipality Office | Lase date of Submission | 2081-12-22 (04th Apr. 2025) Time: -12:00 Hrs. |
| Name of Bank | Rastriya Banijya Bank, Gaighat | Date of Bid Opening | 2081-12-22 (04th Apr. 2025) Time: -13:00 Hrs. |
| Aantarik Rajaswa Khata No. | GA-1-1 2090100301010004 (For Bid Document Fee) | Pre-bid Meeting | 2081-12-13 (26th Mar. 2025) Time: -11:00 Hrs. |
| Rajaswa Shirshak No. | 14229 | Office Code No. | 80111403300 |
| Dharauti Khata No. | GA-3 2090100303000004 (For Bid Security) | | |

3. Bidder can only bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp
4. Online bids must be valid for a given Bid Validity Period for tenders counting from the day of bid opening and must be accompanied by bid security which shall be valid for minimum 30 days beyond the bid validity period.
5. Any conditions so far not covered here shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement Regulation 2064. Any amendments in tender notice shall be published in e-procurement section.
6. Bank Guarantee shall be in the format specified in the bid documents otherwise rejected.
7. Triyuga Municipality Office, Gaighat, Udayapur reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.

**CHIEF ADMINISTRATIVE OFFICER**

# भ्रष्टाचार र बेथितिविरुद्ध मातृभूमि पार्टीको प्रदर्शन

**काठमाडौं/मस-** राष्ट्रिय मातृभूमी पार्टीले प्रथम स्थापना दिवसको अवसरमा भ्रष्टाचार र बेथितिविरुद्ध सडक प्रदर्शन गरेको छ ।

पूर्वनिर्धारित कार्यक्रम अनुसार मंगलबार माइतिघर मण्डलामा पार्टीले नाराबाजीसहित झण्डा,प्लेकार्डसहित प्रदर्शन गरेको हो । पार्टीका अध्यक्ष रामशरण पाण्डेले सडकमा बनाएको नेपालको नक्सामा भएको फोहोर (कुशासन र भ्रष्टाचारको प्रतिक)लाई झाडु-कुचो लगाएर सफा गरेका थिए । सो प्रदर्शनलाई अध्यक्ष पाण्डेले सम्बोधन गर्दै वर्तमान संसदीय व्यवस्था कुशासन, भ्रष्टाचार तथा बेथितिको फोहररुपी डंगुरको संज्ञा दिएका थिए ।




सोही व्यवस्थाको जगमा विदेशीको आडमा बनेको वर्तमान ओली सरकार त्यसैको मतियार भएको बताउँदै पाण्डेले भने,'देश र जनताले न्याय, समृद्धि र सुशासन नपाउने भएकाले यसलाई फाल्नुको विकल्प छैन ।'

सो पार्टीका वरिष्ठ नेता केवी लिम्बुले आफूहरुले सुरु गरेको मातृभूमी जन-जागरण अभियानलाई निकट भविष्यमा निर्णायक संघर्षमा परिणत गर्ने बताए ।

पार्टीका उपाध्यक्ष तथा अर्थविद् टुलराज वस्यालले पछिल्लो सरकारले वैदेशिक ऋण थुपारेर आफू वरिपरिका मान्छेहरुलाई पोसेर भ्रष्टाचारलाई बढावा दिइरहेकोले यसको विकल्प खोज्नुपर्ने धारणा राखे । सुशासन एवं नेपालवादका अभियन्ता तथा पार्टीका महासचिव गोविन्द गिरीले देशको गौरवशाली इतिहासलाई पछिल्ला शासकहरुले धुमिल गर्दै लगेको र त्यसको मुख्य कारण नै संसदीय व्यवस्था र कुशासन भएको बताए ।

वीर गोरखाली, सगरमाथा र गौतम बुद्धको देश भनेर विश्वमा प्रख्यात मुलुक आज भ्रष्ट नेताहरुको कारण अन्तर राष्ट्रिय क्षेत्रमा नेपाल भ्रष्ट र ठगहरुको मुलुकको रुपमा चित्रित हुनु चिन्ताको विषय भएको बताए । सो कार्यक्रममा केन्द्रीय नेता भगवाती पौडेल, जनकवी भोला बरालले कविता वाचन, भिमशेन रिसाल र अन्नपूर्णेश्वरी श्रेष्ठको नाटक साथै कृष्ण भक्त महर्जनले व्यङ्ग्यात्मक नृत्य प्रस्तुत गरेका थिए । सो कार्यक्रममा युवा मातृभूमी शक्ति(युमाश)का संयोजक सविन,पार्टीका युवा नेता आर.के ढकाल, पार्टीका सचिव यज्ञप्रसाद बस्याल, पार्टी केन्द्रीय नेतृ गंगाकुमारी थापालगायतको उपस्थिति रहेको सो कार्यक्रमलाई उप-महासचिव लक्ष्मीदत्त भट्टले सञ्चालन गरेका थिए ।

# सुरक्षित मातृत्व संशोधन विधेयक संसद्मा लैजाने तयारी

**काठमाडौं/मस-**स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकारी ऐन, २०७५ को संशोधन विधेयक संसदमा लैजाने प्रतिबद्धता जनाएका छन् ।

मंगलबार प्रजनन स्वास्थ्य अधिकार कार्य समूह (आरएचआरडब्लुजी) ले मन्त्री पौडेलको ध्यानाकर्षण गराउँदा उक्त प्रतिबद्धता जनाएका हुन् ।

प्रजनन् स्वास्थ्य अधिकार कार्य समुहको सचिवालय महिला, कानुन र विकास मञ्च (एफडब्लुएलडी) समेतले ध्यानाकर्षण पत्र बुझाएको हो । मन्त्री पौडेलले छिटो भन्दा छिटो सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ को संशोधन विधेयकलाई संसदमा लैजाने प्रतिवद्धता जनाए । मन्त्री पौडेलले यो संशोधन विधेयक संसदमा लैजानका लागि आवश्यक तयारी गर्न मातहतका निकायलाई निर्देशनसमेत दिएका छन् ।

विभिन्न अन्तर्राष्ट्रिय महासन्धि समितिले दिएका निष्कर्ष र सुझाव,सर्वोच्च अदालतमा भएको आदेश तथा व्याख्याको पालना र संघीय संसद, प्रतिनिधि सभा, कानून, न्याय तथा मानव अधिकार समितिको निर्देशनको कार्यान्वयनका लागि र ऐनमा भएको बाधा अड्चन फुकाउनका लागि ऐन संशोधन अनिवार्य भएको छ । यसका लागि सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ संशोधनका लागि पहल गर्न मन्त्रीलाई बुझाइएको ध्यानाकर्षणमा उल्लेख छ ।

## बुढीगंगा गाउँपालिका
## गाँउ कार्यपालिकाको कार्यालय

हात्तीमुडा, मोरंग
कोशी प्रदेश, नेपाल

### बोलपत्र छनौट गर्ने आशयको सूचना

(प्रकाशित मितिः २०८१/११/२१)

उपरोक्त बिषयमा यस कार्यालयको मिति २०८१/०८/१६ गतेको सौर्य दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार बुढीगंगा गांउपालिका वडा नं. १ देखी ७ नं. वडाका सडकहरु कालोपत्रे तथा नाला निर्माण गर्ने कार्यको लागी पेश भएका बोलपत्रहरुको मिति २०८१/११/२० गतेको निर्णय अनुसार "न्यूनतम मूंल्याङ्कित सारभुत रुपमा प्रभावग्राही" तपसिलको बोलपत्र ठहरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा १ बमोजीम छनौट गरिएकोले सोही ऐनको दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| सि. न. | ठेक्का न. र कामको बिबरण | बोलपत्र छनौट गरिएको फर्मको नाम र ठेगाना | कबोल अंक (भ्याट सहित) रु |
|---|---|---|---|
| १ | BGRM/MOR/NCB/Works 03 (081.082) टंकीचौकदेखी मिलनचौक हुदै बांसबारी चौकसम्म नाला तथा सडक निर्माण वडा न. १, गंगाचौकदेखी पुर्व भुपेन राईको धर हुदै नहरसम्म सडक निर्माण वडा न. ०१, मधुग्राम स्कुल उत्तर पटुवारी टोल जाने बाटो कालोपत्रे वडा न. २, बोध नारायण बिश्वासको देखी मुस्लिम टोलसम्म सडक कालोपत्रे वडा न. ०२, गोकुवा नहर चौक पुर्व खद्रा सम्मको सडक स्तरोननती र खानेपानी जाने सडक कालोपत्रे वडा न. ३ र गोकुवा पुर्व बाटोमा नाला निर्माण वडा न. ०३ | अनिको तुलसा जे.भी. बिराटनगर ०५ | ३,३१,३१,५८९.१८ |
| २ | BGRM/MOR/NCB/Works-04 (081/082) ढुंगानाको कामत देखी स्वास्थ्य भवन अगाडी पिच वडा न. ०४, कोडियाचौक पुर्व अधुरो कालोपत्रे वार्ड न. ०६, उर्मिला शाहको धर देखी दक्षिण जाने सडक कालोपत्रे वडा न. ०६, कमलपुर सरदार टोल जाने बाटो कालोपत्रे वडा न. ०७ र बनरझुल्ला आदिबासी चौक जाने सडक कालोपत्रे | श्री कृष्ण निर्माण सेवा ईटहरी ०९, सुनसरी | २,३४,६४,३११.३६ |

## Sundarharaincha Municipality
## Office of Municipal Executive

Biratchowk, Morang, Koshi Province, Nepal

### Invitation for Bids

**Date of publication: 2081/11/21**

1. The Sundarharaincha Municipality, Office of Municipal Executive invites electronic bids from eligible bidders for the procurement as stated in table below under NCB bidding procedures specified in Public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents may visit e-GP system: www.bolpatra.gov.np/egp.
3. For bidding document Fee in the following bank.
   **Name of the Bank : Agricultural Development Bank**
   **Name of the Office : Sundarharaincha Municipality**
   **Office Account No. : 0601501147630146**
   **Rajaswa Shirshak no : 14229**
   **Office code no : 801011309**
4. Bids must be valid for a period of 90 days counting from the day of bid opening. Amounting to a Minimum of as stated in a table below. which shall be valid for a minimum of 30 days beyond the bid validity period. For Cash Deposit Bank details:
   **Name of the Bank : Agricultural Development Bank**
   **Name of the Office : Sundarharaincha Municipality**
   **Office Account No. : 0601501147630030**
5. If the Bid opening day falls on a government holiday, then the Bid will be opened on the next working day.
6. Any change or amendment on notice or bid document will be published on e-GP system: www.bolpatra.gov.np/egp or office website: www.sundarharaichamun.gov.np

| S. N. | Contract ID No. | Name of Project Work | Estimated Amount Nrs. (without VAT) | Bid Document Fee (Nrs.) | Bid Security Amount (Nrs.) | Last Date of Bid Submission | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SHM/MOR/RBN/NCB/W/40/2081/082 | Blacktop Road Maintenance Works (Belepur-Sukrabare Road Ward 11 /12 and Pokhrel Kirana Purba Road no.06 Ward 12) | 55,24,729.05 | 3000.00 | 160,000.00 | 2081/12/22 12:00 PM | 2081/12/22 01:00 PM | NCB |
| 2 | SHM/MOR/NCB/W/41/2081/082 | Construction of First Floor of Dulari Health Post Office Building, Sundarharaicha-03 | 29,43,124.40 | 3000.00 | 85,000.00 | 2081/12/22 12:00 PM | 2081/12/22 01:00 PM | NCB |
| 3 | SHM/MOR/NCB/W/42/2081/082 | Construction of Ward Office Premises Sundarharaicha-02 | 19,78,742.21 | 3000.00 | 57000.00 | 2081/12/22 12:00PM | 2081/12/22 01:00PM | NCB |

**Chief Administrative Officer**

## ग्लोबल आइएमई बैंक लिमिटेडको
## गैर बैंकिङ्ग सम्पत्ति बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको सूचना

**प्रकाशित मितिः २०८१/११/२१ गतेको मध्यान्ह राष्ट्रिय दैनिक**

यस ग्लोबल आइएमई बैंकको स्वामित्वमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गाहरु) जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न ईच्छुक ब्यक्ति तथा संस्थाहरुले यस बैंकबाट उपलब्ध गराईने बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधिनमा रही आफूले कबुल गरेको रकमको कम्तीमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत जम्मा गरेको बैंक भौचर गोप्य शिलबन्दी पत्र साथमा संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा यस बैंकको प्रधान कार्यालय, नक्साल, काठमाडौं स्थित कर्जा असुली विभाग वा बैंकको शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नुहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ । यस बैक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु तपसिलमा उल्लिखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधिलाई यसै सूचनाद्वारा सूचित गरिएको छ । सो तोकिएको दिन विदा परेमा त्यस पछिको लगतै बैंक खुलेको दिन साविक समय र सोही स्थानमा बोलपत्र खोलिनेछ । प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ । बोलपत्र फारम तोकिएको दस्तुर तिरी यस बैंकबाट खरिद गर्न सकिने छ । साथै बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ । उपरोक्त विषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र सम्पर्क गर्नु होला ।

**तपसिल**

| बिक्री गरिने सम्पत्तिको विवरण (घर/जग्गाको विवरण) | थप विवरणका लागि |
|---|---|
| **कुश्मा शाखा, पर्वत** | |
| **मालपोत कार्यालय कुश्मा, पर्वत दर्ता कायम रहेको :** | |
| पर्वत जिल्ला, शिवालय गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. १००४ को क्षेत्रफल ०-५-१-३ रोपनी वा १७२.८७ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |
| **चावहिल शाखा, काठमाडौं** | |
| **मालपोत कार्यालय तुल्सीपुर, दाङ्गमा दर्ता कायम रहेको :** | |
| दाङ्ग जिल्ला, तुल्सीपुर गा.वि.स./न.पा. वडा नं. ५ घ स्थित कित्ता नं. १६९० को क्षेत्रफल ०-०-७-० विगाहा वा ११८.५० व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |
| **कुमारीपाटी शाखा, ललितपुर** | |
| **मालपोत कार्यालय धादिङ्गमा दर्ता कायम रहेको :** | |
| धादिङ्ग जिल्ला, निलकण्ठ गा.वि.स./न.पा. वडा नं. २ च स्थित कित्ता नं. १००१ को क्षेत्रफल ०-१४-२-० रोपनी वा ४६०.९६ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |
| **कमलादी शाखा, काठमाडौं** | |
| **मालपोत कार्यालय टोखा, काठमाडौंमा दर्ता कायम रहेको :** | |
| काठमाडौं जिल्ला, खड्का भद्रकाली गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. ४४ को क्षेत्रफल २१५.०० व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समयः २०८१ चैत्र ६ गते बुधबार कार्यालय समयसम्म**
**बोलपत्र खोलिने मिति र समयः २०८१ चैत्र ७ गते बिहिबार दिनको ३:०० बजे**
**बोलपत्र खोलिने स्थानः ग्लोबल आइएमई बैंक लिमिटेडको सम्बन्धित शाखा कार्यालयमा**

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

**कर्पोरेट कार्यालयः कमलादी, काठमाडौं**
**फोन नं.: ०१-५३२८६७१/५३२६३४७**
**ग्लोबल कनेक्टः ०१-५९७०६००**

**KUWAIT मा रोजगार** AL THUMAMA RESTAURANT COMPANY

पुनः विज्ञापन, पुर्व स्वीकृती मितिः २०८१/०८/२४ चलानी नं. : ६०२२९५१४ LT No.: 315180

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Assistant Cook | 4 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ६१,९००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Cook | 3 | 0 | | 150 | ६६,३००।- | | | | | | | |
| ३. | General Worker/Kitchen Helper | 10 | 0 | | 120 | ५३,१००।- | | | | | | | |
| ४. | Waitress | 0 | 5 | | 140 | ६१,९००।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैंले | रु. १,५००।- कामदार आफैंले | रु. ७,००।- कामदार आफैंले | निःशुल्क |

